जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १३२ • २०८१ साल आश्विन १२ गते शनिबार (28 September, Saturday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भारी वर्षा र बाढीको त्रास

**टुडे समाचारदाता**

जनकपुरधाम । जलवायु तथा मौसम विज्ञान विभागले वर्षा र बाढी पहिरो सम्बन्धी जारी गरेको चेतावनीले नदी प्रभावित क्षेत्रका बासिन्दाहरु त्रसित बनेका छन् ।

मधेश प्रदेशको कमला, बागमती, लालबकैया लगायतका नदी छेउमा उच्च सतर्कता अपनाइएको छ ।राति बाढी आउने आशंकाले सर्वसाधारण विहीवार राति देखि नै सुतेका छैनन् । उनीहरुलाई दिनको भन्दा रातिको बढी चिन्ता देखिएको छ ।

सरकारले जारी गरेको 'रेड अलर्ट'मा मधेश प्रदेशको सप्तरी, सिरहा र पर्सा जिल्ला रहे पनि रौतहट,सर्लाही र धनुषा जिल्लाको पूर्वी भेगका बासिन्दाहरुमा पनि त्रास देखिएको छ।

मौसम विज्ञान विभागको पछिल्लो जानकारी अनुसार शनिवारदेखि पूर्वी क्षेत्रमा मौसममा केहि सुधार हुने पश्चिम तर्फ वर्षा, बाढी, पहिरोको जोखिम बढने छ ।

शुक्रवार अबेर राति सम्म मधेश प्रदेशमा प्रतिकूल मौसमको कारण जनजीवन प्रभावित भए पनि ठूलो क्षति नभएको विपद् व्यवस्थापन जिल्ला समितिहरुले जनाएका छन् ।

हरेक वर्ष बाढीबाट जनधनको ठूलो क्षति ब्यहोर्दै आएको मधेश प्रदेशमा यस वर्ष हाल सम्म त्यस्तो क्षति भएको छैन् ।

### राष्ट्रिय झण्डाको अस्वभाविक मूल्य

# झण्डा खरिदमा भ्रष्टाचार भएको आरोप सहित अख्तियारमा उजुरी

**अनिल तिवारी**


वीरगञ्ज । मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह कानुनको दायरा भन्दा बाहिर रहेको साबित गर्न थालेका छन् ।

किर्ते जन्मदर्ता बनाएर नक्कली पिता भइ किर्ते नागरिकता र राहदानी समेत बनाउँदा कारबाहीको दायरामा नआएका मेयर सिंहले महानगरमा हुने खरिदमा समेत भारी अनियमितता गरिरहेका छन् ।

मेयर सिंहले महानगरको प्रमुख भारत प्रवेशद्वार लगायतका केही स्थानमा नेपालको राष्ट्रिय झण्डा लगाएका छन् । तर ३-४ हजार अधिकतम् मूल्य पर्ने सो झण्डाहरुको महानगरपालिकामा ३५ हजारको दरले बिल पेश गरी भुक्तानी लिइएको छ ।

मेयर सिंहको आफ्न्तको नाममा रहेको फर्मले सप्लाइ गरेको झण्डाको मूल्य ३५ हजार राखेर बिल बनाइएको छ । घाम र पानी लाग्ने खुल्ला स्थलमा राखिएको झण्डा वर्षमा २-३ पटक सम्म फेर्नुपर्ने हुन्छ ।तर हरेक पटक राष्ट्रिय ध्वजा फेरिदा ३५ हजार प्रति ध्वजाको बिल बनाइने गरिन्छ ।

महानगरका मेयर सिंहले राष्ट्र-राष्ट्रियतामाथि प्रहार गरेको भन्दै सचेत नागरिकले मुद्दा नै दर्ता गराएका छन् । राष्ट्रियताको शान र मुलुकको पहिचानको रुपमा रहेको रष्ट्रिय झन्डा समेतमा भ्रष्टाचार र अनिमितता गरेको भन्दै उनीमाथि मुद्दा दर्ता भएको हो । वीरगञ्ज महानगरपालिकाद्वारा राष्ट्रियझण्डा फेर्नमा समेत भ्रष्टाचार गरेको भन्दै वीरगञ्ज महानगरका मेयर राजेशमान सिंह सहित ३ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा दायर गरिएको छ ।



मुलुकको आर्थिक नगर र प्रमुख प्रवेशद्वारको रुपमा रहेको वीरगञ्जको शंकराचार्यद्वार अगाडि लगाइने नेपालको झण्डामा समेत मेयर सिंहका आफन्तजनको नाममा रहेको व्यवसायिक फर्मले अनियमितता गरेको आरोप सहित मेयर लगाायत ३ जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा मुद्दा दर्ता गरिएको छ ।

बर्तमान बजारको मूल्य भाउ अनुसार खुद्रामै ३ देखि ४ हजारसम्ममा तयार हुने झण्डा एकैपटक ३५ हजारसम्मको बिल बनाएर २ वटा झण्डा खरिद आदेश दिएर ३१ हजारका दरले तीनवटाको झण्डामा खरिद मूल्यबाहेक ९३ हजार रुपैयाँ १ पटकमा भ्रष्टाचार गरेको पाइएको उजुरीकर्ताको आरोप छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता गरिएको उजुरीमा १ वर्षमा कम्तीमा २७ वटा बढी झण्डा फेर्दा ८ लाख ३७ हजार रूपैयाँसम्म भ्रष्टाचार गरिएको आरोप लगाइएको छ।

सरकारी ओहदामा बस्ने स्थानिय जनप्रतिनिधिबाट नै राष्ट्र-राष्ट्रियतासंग ठुलो घात गर्दै राष्ट्रिय झण्डा खरिद समेतमा वीरगञ्ज महानगरबाट भ्रष्टाचार गरिएको भन्दै केही समय अगाडि स्थानीय संचारमाध्यमहरुबाट समाचार प्रकाशन भएको थियो ।

वीरगञ्ज महानगरबाट भएको भ्रष्टाचारको विरोधमा दर्ता भएको उजुरी नम्बर सि ०२०१९१ रहेको जनाइएको छ ।

अख्तियारमा दर्ता गराइएको उजुरीमा मेयर राजेशमान सिंहले वीरगञ्ज महानगरपालिका भित्र हुने गरेका भ्रष्टाचारलाई संस्थागत गरी विभिन्न लाभ लिएका प्रमाण सहित उजुरी दर्ता गरिएको निवेदकको कथन छ ।

मेयर सिंहका आफन्तहरूको विभिन्न फर्म रहेकोमा प्राप्त भएको प्रमाणमा मेयर सिंहका बहिनी ज्वाइँ राजेश थापा र शोभा थापा सञ्चालक रहेको एस एण्ड जी सप्लायर्सले गतवर्ष देखि नै झण्डा फेर्दै आएका छन् । एस.एण्ड जी सप्लायर्सले २०८० भदौ १८ गते एकैदिन र विभिन्न मिति र समयमा २-२ वटा झण्डा खरिद आदेश कसरि पाए ?महानगरपालिकाका एक कर्मचारीको प्रश्न छ ?

नियमले एक लाख भन्दा बढीको समान खरिद गर्दा तीन तीनवटा फर्मको कोटेशन लिनुपर्ने सरकारी प्रावधान समेतलाई लत्याउदै मौखिक आदेशमा मेयर सिंहका बहिनी ज्वाइँलाई १ लाख ५ हजारको झण्डा खरिदमा ठाडो खरिद आदेश जारी गरिएको छ। यति मात्र होइन २ वटा झण्डा ७० हजार र अर्को १ वटा झण्डाका लागि ३५ हजारको खरिद आदेश दिएको बारे जानकारी लिन खोज्दा कर्मचारी देखि हाकिमसम्म तै चुप, मै चुपको अवस्था छ ।यस घटनाबारे महानगर प्रमुख सिंहको सचिवालय पनि मौन रहँदै आएको छ।

भ्रष्टाचार निवारण ऐन २०५९, तथा सम्पत्ति शुद्धिकरण ऐन २०६४ बमोजिम आवश्यक कारबाही गर्न उजुरी दिइएको उजुरीकर्ता संस्थानका राजकुमार तिमल्सेनाले जनाए ।

झण्डा खरिद गर्न मेयर राजेशमान सिंहका आफन्त पर्नेले पान नम्बर ६१८७८७८८९ रहेको एस एण्ड जी सप्लायर्सका लागि जिन्सी प्रमुख, शाखा प्रमुख र कार्यालय प्रमुखको आदेशले ७ दिन भित्र खरिद गर्न आदेश दिएको छ । एक वर्षमा मात्र २७वटा भन्दा बढी झण्डा फेरेको बिल बनाएर मेयर राजेशमान सिंहका आफन्तजनले ८ लाख ३७हजार रुपैयाँ सम्मको भुक्तानी लिएको महानगरका एकजना कर्मचारीले बताए ।

शंकराचार्यद्धार बाहेक वीरगञ्ज १४ स्थित शहीद तेजबहादुर अमात्यको शालिक परिसरमा पनि राष्ट्रिय झण्डा लगाइएको छ। झण्डा १६ फिटको उचाइमा रहेको महानगरले जनाएको छ।






# रेबिज एक रोकथाम गर्न सकिने प्राणघातक रोग


डा.संजीव कुमार ठाकुर

२००७ को २८ सेप्टेम्बर बाट शुरु भएको "विश्व रेविज दिवस" १ड औ दिवस को रुपमा यस वर्ष "अवरोध हटाऔ ,रेबिज उन्मुलन गरौ " भन्ने नाराको रुपमा सारा बिश्व भरि मनाईदै छ ,रोग बारे जागरूकता बढाउन, रेबिज को रोकथाम गर्न, खोप लगाउन, र रेबिज को खतराहरु को बारे मा मानिसहरुलाई शिक्षित गर्न को लागी आवश्यक छ। 'नक्कली समाचार' वा रेबिज को बारे मा रहेको अन्ध विश्वाश (झारफुक बाट निको हुने, भ्याक्सिन ले काम गर्दैन भन्ने, चिर्ने ,वेशार दल्ने ईत्यादी ) हटाउनु जरुरि छ।

यो दिवस, यस प्राणघातक रोग बाट बचाउन को लागि सफल खोप बनाउने लुइस पास्चरको पुण्यतिथि सेप्टेम्बर २८ लाई नै रोजिएको थियो ।जसको उदेश्य यस रोगबारे जनचेतना फैलाउने ,रोकथामका उपायहरु को चर्चा गर्ने र सरोकारवाला निकायबीचको अन्तरसम्बन्धलाई अझ



बलियो बनाउनु हो ।यसै क्रममा नेपालले पनी बिभिन्न कार्यक्रम मार्फत यो दिवस केन्द्र देखि स्थानीयतह सम्म रेविज बिरुद्ध कुकुर ,बिरालो मा खोप लगाई जनचेतना मुलक संदेश सहित यस वर्ष पनी मनाउदै छ।

हरेक बर्ष विश्वमा यो रोग को कारणले लगभग ५९००० मानिसहरुको मृत्युहुने गरेको छ । एसियामा मात्रै यो रोगले ३५००० भन्दा बढी मानिसहरुको मृत्यु हुने गरेको छ ।नेपालमा हरेक वर्ष रेबिजको १०० नया बिरामी देखिन्छन ,९५%रेविज नेपाल मा बौलाहा कुकुर को टोकाई बाट देखिने गरको छानेपाल को आधा जनसंख्या रेविज को उच्च जोखिममा र एक चौथाई जनसख्या मध्यम जोखिममा रहेका छन् । पहिले पहिले खोपको अभाव वा जानकारी को कमीले मानिस रेबिज लागेर मर्ने गर्थे भन्ने अहिले सर्वशुलभ र धेरै अस्पतालहरु बाट निशुल्क उपलब्ध हुने भएर पनि मानिस मर्न छोडेको छैन्र त्यसकालागि लापरवाही ,रोग सर्ने माध्यम को बारे पूर्ण जानकारी नहुनु जस्तै बौलाहा कुकुर को रयाल घाउ /मुख /आँखा मा पर्दा पनि रोग सर्नसक्छ भन्ने थाहा नहुनु,खोप टोकेको दिन मात्र लगाए काम गर्छ नत्र कामछैन भन्ने जस्ता गलत धारणाहुनु ,रेविज इमुनोग्लोविन को प्रयोग बारे जानकारी नहुनु इत्यादी जस्ता प्रमुख कारणहरुले गर्दा यस रोग बाट हुने मृत्युदर घट्नुको साटो बढ्दै गएको छ त्यसैले सन २०३० सम्म बौलाहा कुकुर को टोकाई बाट हुने मृत्युदर शुन्य मा झार्ने लक्ष्य पुरागर्नु फलामको च्युरा चपाउनु हो। यसका लागि बिभिन् सरकारी ,गैरसरकारी र निजि निकाय बीच रेविज नियन्त्रण तथा रोकथाम मा हाथो मालो गर्नु को विकल्प छैन् त्यसका लागि

- स्थानीय निकायहरुले कुकुरहरुको जनसंख्या गनणा गरि पहिचान (तबन )गर्ने ।
- कुकुरहरु मा खोप लगाउने ।
- कुकुरहरुको जनसंख्या नियन्त्रणका लागि बन्ध्याकरण शिविर संचालन गर्ने ।
- नयानया जातहरु को बिदेशी कुकुरहरु भन्दा सामुदायिक कुकुर पाल्न प्रोत्साहन गर्नु पर्दछ ।
- कुकुरहरुलाई टागिंग तथा रजिस्ट्रेसन गरि मात्र पाल्न सकिने कानुनी व्यवस्था ल्याउने र खोप अनिवार्य गराउने ।
- रेविज सम्बन्धि जनचेतना मुलुक कार्यक्रमहरु नियमित रुपमा चलाउने ।
- रेविज विरुद्ध को खोप तथा इम्युनोग्लोबिन सजिलो र सस्तोरुपमा उपलब्ध गराउने ।

**रेविज लागेको कुकुर को लक्षण :**

- मालिक लाई नटेर्ने ।
- अनावस्यक रुपमा भुक्ने ।
- जथाभावी भौतारिने ।
- खाना खान छोड्ने।
- आवाज मा परिबर्तन हुने ।
- नचाहिने कुराहरु टोक्ने ।
- रयाल काढ्ने ।
- बंगरा पुरै बन्द गर्न नसक्ने ।
- लडखडाउने ।

**यो रोगबाट बच्न के गर्नुपर्दछ** (prevention)

- जंगली जनावर वा नचिनेको जनावर हरुलाई नचलाउने ।
- बच्चाहरुलाई कुकुर् सित खेल्न नदिने वा एक्लै नछोड्ने ।
- कुकुरलाई खान खाने बेला ,सुतेकोबेला ,बच्चासित भएकोबेला ,सम्भोगको बेला ,झगडा गरेकोबेला र बिरामी कुकुर लाई न जिस्कियाउने ।
- खोप नलगाई कुकुर नपाल्ने ।
- बजार लादा मुखौटा(मजल) लगाई मात्र लाने ।
- कुकुरलाई मुख चाट्न नदिने ।
- कुकुरले झम्टी हाल्यो र भाग्ने ठाउँ छैन भन्ने शान्त भएर मुढा वा रुख जस्तो उभिने र कुकुर को आँखामा नहेर्ने ।
- जंगल /चिडियाखाना मा कामगर्ने व्यक्ति वा जनावर को उपचार मा लाग्ने व्यक्तिले pre exposure vaccine लिने ।

**कस्तो अवस्था मा रेविज को खोप लिने ?**

खोप नलगाएको घरपालुवाहोस् वा सामुदायिक कुकुर त्यस्तो अवस्था मा जोखिम को श्रेणी अनुसार व्यबस्थापन गर्नु पर्दछ ।

खोप लगाएको कुकुरले टोकेको खण्डमा पनी १० दिन सो कुकुर को निगरानी गर्ने र कुकुर को मृत्यु भयेमा जोखिम को श्रेणी अनुसार निम्न पोस्ट एक्सपोजर प्रोफलैकसिस गर्ने ।

| जोखिम को श्रेणी | सम्पर्क को किसिम | खोप /इम्युनोग्लोबिन |
|---|---|---|
| प्रथम श्रेणी (जोखिम नभएको ) | • जनावर लाई छुदा वा खुवाउदा। • घाउ नभएको छाला मा चाट्दा । | • नचाहिने । |
| दोश्रो श्रेणी (जोखिम भएको ) | • रगत नआउने गरि छाला खोप्निदा। (minor scratch) | • घाउसफा गर्ने(१५मिनेटसम्म साबुन पानीले धुने र एन्टीसेप्टिक दल्ने र तुरुन्त खोप लगाउने । |
| तेस्रो श्रेणी (उच्च जोखिम ) | • एक वा अधिक गहिरो घाउ । • रयालको सम्पर्क घाउ वा म्युकस मेम्ब्रेन(आँखा ,मुख ,योनी ) मा भएमा । • जंगली जनावर को टोकाई । • चमेरो को प्रत्यछ सम्पर्क। (हालसम्म नेपाल मा नदेखिएको) | • घाउसफा गर्ने(१५मिनेटसम्म साबुन पानीले धुने र एन्तिसेप्टिक दल्ने । • तुरुन्त इम्युनोग्लोबिंन र खोप लगाउने । |

(श्रोत: National Guideline Rabies Prophylaxis in Nepal -2019)

घाउमा बेसार,खुर्सानी ,माटो लगायत का अन्य घरेलु उपचार/झार फुक ,चिरफार गर्नु हुदैन

**रेविज रोग नियन्त्रण कसरी गर्ने ?**

- सामुदायिक कुकुरहरु को जनसंख्या नियन्त्रण गरेर।
- मास भ्याक्सिनेसन गरेर।
- रेविज सम्बन्धि जनचेतना फैलाएर ।
- स्वास्थ्यकर्मी र भेटेरिनरी कर्मचारीहरु लाई बेला बेला तालिम दिएर।
- प्रयोगशाला लाई आधुनिक र सुविधायुक्त बनाएर।
- भ्याक्सिन सर्वशुलव उपलब्ध गराएर।

अन्त्यमा रेविज प्राणघातक रोग भए तापनि १०० % रोकथाम गर्न सकिने रोग भएकोले यसको हेलचेक्राई गर्नुहुदैन ।साथै दुध र मासुबाट हालसम्म यो रोग सरेको कुनै प्रमाण नभएकोले अनावस्यक मनोत्रास मा पनि रहनु हुदैन ।

कुकुर पनी हामी जस्तै रेविजको शिकार हुने गर्दछ र रेविज लागेपछि मर्छपनी त्यसैले कुकुरलाई पनी सुरक्षित पार्न नियमित खोप लगाई व्यवस्थित गरि पालौ,उसलाई पनि रेविज मुक्त राखौ र हामी पनि बचौं।

# गौशालाको स्वामित्वको खिचातानीले लथालिङ्ग



**टुडे समाचारदाता**

जलेश्वर । गौशाला नगरपालिकास्थित गौशालाको अस्तित्व स्वामित्व विवादले उत्कर्षमा पुगेको छ। विसं १९८३ मा भारतको दरभङ्गास्थित महाराजाले हिन्दू र हिन्दूत्वको रक्षा गर्ने हेतुले गौशाला स्थापना गरेका थिए ।

राष्ट्रिय जनावर गाई सेवा तथा संरक्षणका लागि विहारको तत्कालीन प्रान्त सरकार दरभङ्गाका महाराजले नेपाललाई गौशाला उपहार दिएका थिए। त्यतिबेला दुई सय बिघा जग्गा खरिद गर्दै दरभङ्गा महाराजले एक हजार पाँच सय दूधालु गाई राखेर गौशाला नगरपालिका- ३ स्थित निगौल गाउँमा गौशाला स्थापना गरेका थिए ।

पछि त्यसको देखरेख, व्यवस्थापन र सञ्चालनको जिम्मेवारी अञ्चलाधीश हुँदै प्रमुख जिल्ला अधिकारीलाई प्रदान गरिएको थियो। तर उनीहरुले विभिन्न कारणवश गौशालामा रहेका गाईको उचित रेखदेख, व्यवस्थापन र सञ्चालन गर्न नसकेपछि गौशालामा रहेको गाईको अवस्था दयनीय बन्यो ।९५ वर्ष पुरानो सरकारी स्वामित्वको गौशाला अहिले सरकारी बेवास्ता, राजनीतिक दोहन र स्वामित्वको खिचातानीले लथालिङ्ग बनेको छ । गौशालामा उन्नत र स्थानीय जातका गाईका लागि सुविधायुक्त छुट्टाछुट्टै गोठ छन् । २० बिघा जग्गामा हरियो घाँस रोपिएको छ भने गोदाममा भुसा, पराल र अन्य आहारा पर्याप्त छन् ।

विगत १३ वर्षदेखि उक्त गौशाला राष्ट्रिय सहकारी विकास बोर्ड अन्तर्गत सञ्चालनमा छ । तर गौशालाका गाईको उचित रेखदेख, पौष्टिक आहार र उपचार हुन सकेको छैन । सहकारी बोर्डलाई गौशाला हस्तान्तरण गरेको १३ वर्ष भए पनि खासै सुधार हुन नसकेको हो । यसैबीच गौशाला नगरपालिकाले गौशाला आफ्नो स्वामित्वमा ल्याउन प्रयास गरिरहेको छ । गाई पालनका लागि पर्याप्त भौतिक संरचना र जनशक्ति भए पनि लगानी अनुसार दूध उत्पादन र आम्दानी हुनसकेको छैन । कर्मचारी, गोठाला, घाँस काट्ने मजदुर, गाईको आहार, औषधि उपचार, घाँसखेतीमा हुने लगानी अनुसार आम्दानी नहुँदा गौशालालाई बर्सेनि ऋणको भार थपिएको छ ।

गौशालाको स्वामित्वमा एक सय ४८ बिघा जग्गा छ । त्यसमध्ये ८७ बिघा दुई कट्ठा भाडामा लगाइएको छ। २० बिघा घाँसखेतीका लागि राखिएको छ। नौ बिघामा पोखरी र १० बिघामा बगैँचा छ ।१० बिघा क्षेत्रफलमा कार्यालय परिसर र दुई बिघामा पुरानो गोठ फैलिएको छ । गौशालाको दुई बिघामा पशु हाटबजार लाग्दै आएको छ । यसैबीच गौशालाको कार्यालय परिसर, बजार र भाडामा लागेको जग्गा चौतर्फी अतिक्रमणको चपेटमा परेको छ । पर्याप्त जग्गा हुँदाहुँदै पनि घाँस र अन्य बाली व्यवस्थित रूपले लगाउन नसक्दा गाईलाई आहाराको अभाव छ।

गौशालाका निमित्त कार्यालय प्रमुख वीरबहादुर चौधरीले गौशाला व्यवस्थापन भन्दा आफू अनुकूलका कर्मचारी भर्ना गरी जग्गा कब्जा, पोखरी तथा बगैँचा ठेक्कामा चलखेल, पशु बजार ठेक्काबाट लाभ लिन राजनीतिक दल र जनप्रतिनिधिबाट दोहन हुने गरेको आरोप लगाए । उनले गौशालाको खेतीयोग्य ८७ बिघा जग्गा यहाँका अगुवा नेताहरूले आफू अनुकूलका कार्यकर्तालाई बाँडेको, बजार क्षेत्रको गौशालाको जग्गामा राजनीतिक दलकै संरक्षणमा पक्की घर बनाएर जग्गा अतिक्रमण गरेको जानकारी दिए । गौशालाको जग्गा, पोखरी, बगैँचा र घर भाडामा लिएर पनि राजनीतिक संरक्षण पाएर लामो समयदेखि पैसा नतिरेको प्रष्ट्याए ।

सोही कारण गाईलाई पौष्टिक आहार तथा दाना खुवाउनसमेत समस्या भएको निमित्त प्रमुख चौधरीले बताए । गौशालाकै जग्गामा परापूर्वकालदेखि लाग्दै आएको पशुहाट लगाइने ठेक्काको २५ प्रतिशत रकम गाई गौशालाले पाउनुपर्ने सहमति भए पनि गौशाला नगरपालिकाले रकम दिन आनाकानी गर्दै आएको छ । गौशालाको जग्गा दिनानुदिन अतिक्रमणको चपेटमा पर्दै गएकोमा नगरपालिकाबाट अतिक्रमण रोक्न पहल हुनपर्नेमा उल्टै राजनीतिक तहबाटै अतिक्रमण गर्नेहरू संरक्षित भइरहेको दुखेसो निमित्त कार्यालय प्रमुख चौधरीको छ।

# वीरगञ्जमा पर्यटकलाई स्वागत



**टुडे समाचारदाता**

वीरगञ्ज । औद्योगिक तथा व्यापारिक नगरीको पहिचान बनाएको वीरगञ्जमा ४५औं अन्तर्राष्ट्रिय पर्यटन दिवस मनाइएको छ । वीरगञ्जका होटल तथा पर्यटन व्यवसायीले शुक्रबार वीरगञ्ज भन्सार नाका हुँदै जनकपुरधाम र पशुपतिनाथ दर्शन गर्न आएका भारतीय पर्यटकलाई वीरगञ्जको शङ्कराचार्य गेटमा भव्य स्वागत गरेर दिवस मनाएका हुन् ।

होटल तथा पर्यटन व्यवसायी सङ्घ वीरगञ्जका अध्यक्ष हरि पन्तले ४५औं अन्तर्राष्ट्रिय पर्यटन दिवसको अवसरमा वीरगञ्जको शङ्कराचार्य गेटमा एक विशेष कार्यक्रम गरेर भारतीय पर्यटकलाई भव्य स्वागत गरिएको बताए ।

"वीरगञ्ज औंद्योगिक र व्यापारिक नगरीको साथसाथै धार्मिक पर्यटनको उच्च सम्भावना भए पनि पर्यटन क्षेत्रले आशातीत् विकास हुने अवसर पाएको छैन," उनले भने,"वीरगञ्जमा चारवटा तारेहोटलसहित ८५ भन्दा धेरै होटल रहेका छन् । तर,वीरगञ्जमा अपेक्षाकृत ढङ्गले पर्यटकको बसाइ बढाउनेतर्फ अग्रसर हुनुपर्ने बेला भइसकेको छ ।" वीरगञ्जमा भारतीय तथा अन्य मुलुकका पर्यटकलाई लक्षित गरेर क्यासिनोसहितका सुविधासम्पन्न तारेहोटल पनि सञ्चालनमा रहेका छन् । वीरगञ्ज भन्सार नाका हुँदै भारतीय पर्यटकहरु पशुपतिनाथ, जनकपुरधाम, गढिमाई र मुक्तिनाथ लगायतका धार्मिकस्थलमा जाने गरेका छन् ।

"हामीले वीरगञ्जको पर्यटन क्षेत्रको प्रवर्द्धन र सम्वर्द्धनका लागि विभिन्न पर्यटकीय गतिविधि गर्दै आइरहेका छौँ" उनले भने,"सरकारले पनि आवश्यक पर्यटकीय क्षेत्रको प्रवर्द्धनात्मक कार्यक्रममा सहयोग गर्न आवश्यक भइसकेको छ ।

" अध्यक्ष पन्तले वीरगञ्जमा औद्योगिक तथा व्यापारिक सहरको साथसाथै पर्यटकीय क्षेत्रको रुपमा पनि विकास गर्न जरुरी रहेको बताए । उनका अनुसार वीरगञ्जमा पछिल्लो समय सुविधा सम्पन तारे होटल तथा रिसोर्टहरु सञ्चालनमा आएका छन् ।

वीरगञ्जका तारे होटलमा दियालो लडर्स प्लाजा, भिष्वा, क्लार्क रिसोर्ट, लगायतका छन् । वीरगञ्जको पर्यटन क्षेत्र आन्तरिक र सीमा क्षेत्रका भारतीय पर्यटककै कारणले धानिरहको व्यवसायीहरुको कथन छ ।

# अविरल वर्षाले ज्यालादारीमा कामगर्नेहरुलाई समस्या

**टुडे समाचारदाता**

वीरगञ्ज । विहीबार देखिको अविरल बर्षाका कारण पर्साको पर्सागढी नगरपालिका लगायत ग्रामीण भेगको जनजीवन प्रभावित भएको छ । निरन्तरको बर्षाले दैनिक ज्यालादारी गरी घरपरिवार पाल्नेहरुलाई जीवन यापनमा समस्या उत्पन्न भएको छ । ज्यालादारीबाटै जीवन निर्बाह गर्दै आईरहेकाहरुलाई अविरल बर्षाको कारण घरबाट बहिर निस्किन पाएका छैनन् ।



अहिले पाक्ने धान काट्ने समय रहेकाले बर्षाले धान काट्न समस्या भएको पर्सागढी नगरपालिका वडा नं. ३ का दैनिक ज्यालादारी काम गर्दै आएका शिवनाथ माझीले बताए । माझीले दैनिक ज्यालादारीबाटै ७ जनाको परिवार पाल्दै आएका छन् ।

त्यसैगरी अविरल बर्षाको कारण बिहानैदेखि सडक सुनसान देखिएको छ । बर्षाको कारण मानिसहरु घरबाट बाहिर ननिस्किदा बडनिहार बजार, मनवा, रङ्गपुर लगायतका बजारहरु सुनसान देखिएको छ ।

बडनिहार बजारका ईलेक्ट्रिक व्यापारी मोमताज अन्सारीका अनुसार अविरल बर्षाको कारण बिहानैदेखि मान्छेहरुको चहलपहल नहुदा पसलमा एकपैसाको पनि बिक्री नभएको उनले बताए ।

केही दिनदेखिको उखरमाउलो गर्मी पछि पानी पर्दा भने राहत मिलेको पर्सागढी नगरपालिका वडा न २ का गगा आचार्यले बताए ।

# टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु

**टुडे समाचारदाता**

सर्लाही । पूर्व-पश्चिम राजमार्गअन्तर्गत सर्लाहीको हरिवनमा शुक्रबार दिउँसो टिपरको ठक्करबाट मोटरसाइकल चालकको मृत्यु भएको छ ।

हरिवन नगरपालिका-११, बासाटोलस्थित चिनीमिल अगाडि भएको दुर्घटनामा मोटरसाइकल चालक हरिवन-७, घर भएका ४२ वर्षीय दीपक अधिकारीको मृत्यु भएको हो ।बागमती प्रदेश ०२-०३७




प ४४०१ नम्बरको मोटरसाइकलमा सवार अधिकारीलाई शुक्रबार दिउँसो ३ बजेतिर हरिवनबाट नवलपुरतर्फ आइरहेको प्रदेश २-०३-००१ क ११३७ नम्वरको टिपरले ठक्कर दिएको प्रहरीले जनाएको छ । अधिकारीको घटनास्थलमै मृत्यु भएको प्रत्यक्षदर्शीले बताएका छन् । उनी सवार मोटरसाइकल क्षतिग्रस्त छ ।

मोटरसाइकललाई ठक्कर दिने टिपर र त्यसका चालक प्रहरीको नियन्त्रणमा छन् । अधिकारीको शव नमूना अस्पताल हरिवनमा राखिएको छ ।मृतकको परिवारसँग समन्वय गरी शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाउने तयारी भइरहेको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक किशोर तामाङले जानकारी दिए । घटनास्थलको अवस्था सामान्य रहेको र राजमार्ग सुचारु रहेको हरिवन प्रहरीले जनाएको छ ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।



## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

जनकपुर टुडे





दशैको आगमनसंगै रेलमार्ग भएर आन्तरिक तथा बाह्य पर्यटकहरुको **जनकपुरधाममा** आगमनको वृद्धि,रेल्वे सुरक्षाकर्मीको हस्तक्षेप बढ्दो रहेको आरोप। *तस्बिर : संजय कुमार यादव*

# बलि प्रथा अन्त्यका लागि विपतीले धर्ना बस्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । बलि प्रथा अन्त्यका लागि अभियान संचालन गर्दै आएको भाई विपती मानवले बलि प्रथा अन्त्यको माग गर्दै असोज १५ गते देखि २४ गते सम्म धर्नामा बस्ने भएको छ ।

प्रत्येक वर्ष विजयदशमी पर्वको अष्टमीमा हुदै आएको बली प्रथा अन्त्य गर्नका लागि लामो समय देखि अभियान संचालन गर्दै आएका मानवले यस वर्ष पुनःधर्ना कार्यक्रममा बस्ने भएको हो । मानवले एक विज्ञप्ती जारी गर्दै असोज १५ गते विहान १० बजे देखि साझ ४ बजे सम्म धर्नामा बस्ने जानकारि गराएका छन् ।



जारी विज्ञप्तीमा बलि प्रथा अन्धविश्वास,रुढिबाद र विकृति रहेकोले समाजबाट यसलाई हटाउन सबैको योगदान आवश्यक भएको र यो शताब्दी ज्ञान विज्ञान युग रहेकोले समाजिक न्याय प्रदान गरि स्वच्छ समाज बनाएर देशलाई महान बनाउन कदम अगाडी बढाउन उल्लेख गरिएको छ । भाइ विपती मानवले बलि प्रथा अन्त्यका लागि विभिन्न किसीमको अभियान चलाउदै आएका छन् ।

# पार्टीमा सङ्गठनात्मक एकता आवश्यक छः महासचिव पोखरेल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) महासचिव शङ्कर पोखरेलले पार्टीमा सङ्गठनात्मक एकता आवश्यक रहेको बताउनुभएको छ । एमाले पार्टी मुख्यालय ललितपुर, च्यासलमा शुक्रबार आयोजित अखिल नेपाल महिला सङ्घको चौथो बैठकमा उहाँले सङ्गठनात्मक एकताले नै पार्टीमा देखिएका चुनौतीलाई समाधान गर्न सकिने बताउनुभयो ।



महासचिव पोखरेलले पार्टीलाई बलियो बनाउन सबै तहका पार्टी सङ्गठनका नेता कार्यकर्ता एकताबद्ध भएर लाग्नुपर्ने र यसका लागि पार्टी नेतृत्व आवश्यक सहजीकरण गर्न तयार रहेको धारणा राख्नुभयो । उहाँले पार्टीलाई निर्णायक शक्ति बनाउनका लागि वार्षिक कार्यतालिकामा तर्जुमा गरी पाटी गतिविधिलाई टोलटोल र बस्तीबस्तीसम्म लैजान आवश्यक रहेको उहाँको भनाइ थियो ।

महासचिव पोखरेलले यसवर्ष पार्टीले ४० वर्ष मुनिका युवालाई लक्षित गरेर युवा शिखर सम्मेलन गर्न लागेको समेत जानकारी दिनुभयो । यसैगरी उहाँले राजनीतिक स्थायित्व हुनेगरी संविधान संशोधन, सरकारको स्थायित्व र आर्थिक अवस्था सुदृढीकरणका लागि नेपाली कांग्रेससँग मिलेर सरकार बनाउनु परेकाले सोहीअनुसार बुझ्न र बुझाउन आग्रह गर्नुभयो । "संविधान जारी भएको १० वर्षका सबल र दुर्बभ पक्षको समीक्षा गरी राजनीतिक स्थायित्वका लागि संविधान गर्ने गरी राजनीतिक समीकरण बनेको छ ।

यसरी बनेको सरकारले सामाजिक अराजकता, आर्थिक सङ्कट र शान्ति प्रक्रिया टुङ्ग्याउने कुरालाई समाधान गरेर अगाडि बढ्ने छ", महासचिव पोखरेलले भन्नुभयो, ।

उहाँले ठुला पार्टी मिलेर सरकार बनाउने कुरा उचित नभए पनि राजनीतिक स्थायित्वका लागि मिल्नुपर्ने अवस्था आएको धारणा राख्नुभयो । "पार्टी–पार्टी मिलेर सरकार बनाउने कुरा सामान्यता उचित होइन तर स्थायित्वका लागि दुई पार्टी मिल्नुपरेको हो", उहाँले भन्नुभयो ।

महासचिव पोखरेलले सरकारको काममा प्रभावकारी देखिन थालेको, राजस्व बढ्न सङ्कलन बढ्न थालेको, वैदेशिक लगानी र रेमिट्यान्स बढ्नु सरकारको कामको प्रभावकारिता रहेको बताउनुभयो ।

यसले मुलुक सङ्कटबाट मुक्त नभए पनि सुधारका सङ्केत देखिएको उहाँको भनाइ थियो ।स्थायी कमिटी सदस्य भानुभक्त ढकालले संविधान संशोधन गरेर हरेक क्षेत्रमा महिलाको प्रतिनिधित्व ५० प्रतिशतको सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो । सङ्घका अध्यक्ष टुकाभद्र हमालले महिलाका अधिकारलाई संविधान संशोधनबाट थप सम्बोधन गर्नुपर्ने बताउनुभयो ।रासस

# अर्थतन्त्रलाई सुधार्न पर्यटन क्षेत्रको योगदान महत्वपूर्णः कार्यवाहक प्रधानमन्त्री

काठमाण्डु । कार्यवाहक प्रधानमन्त्री प्रकाशमान सिंहले नेपालको अर्थतन्त्रलाई सुधार गर्न पर्यटन क्षेत्रको योगदान महत्वपूर्ण रहेको बताउनुभएको छ । शुक्रबार ४५औँ विश्व पर्यटन दिवका अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले यहाँ आयोजना गरेको कार्यक्रममा उहाँले पर्यटन क्षेत्रले नेपालको अर्थतन्त्रमा पुऱ्याइरहेको योगदानको प्रशंसा गर्नुभयो ।

सहरी विकासमन्त्रीसमेत रहनुभएका सिंहले अर्थतन्त्रलाई चलायमान बनाउन पर्यटन क्षेत्रले उल्लेख्य योगदान गरिरहेकाले सरकारले पर्यटन क्षेत्रलाई सहज बनाउँदै लैजाने बताउनुभयो । उहाँले देशको आर्थिक तथा सामाजिक विकासका लागि शान्ति अपरिहार्य रहेको भन्दै शान्ति, सुरक्षाबिना पर्यटनको विकास सम्भव नहुने धारणा राख्नुभयो । "नेपालको आर्थिक समृद्धिका लागि पर्यटन क्षेत्रको प्रवर्द्धन गर्नु आवश्यक छ", उहाँले भन्नुभयो, "यसका लागि सरकारले निजी क्षेत्रलाई प्रोत्साहन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।"

कार्यवाहक प्रधानमन्त्री सिंहले कूल गार्हस्थ उत्पादनमा पर्यटनको योगदान बढाउनेतर्फ सबै लाग्नुपर्नेमा जोड दिनुभयो । पर्यटन क्षेत्रले नेपालको अर्थतन्त्रमा ठूलो योगदान पुऱ्याएको भए पनि सन्तोषजनक अवस्था भने नरहेको भन्दै उहाँले आगामी दिनमा पर्यटन क्षेत्रबाट हुने योगदान थप वृद्धि गर्न सरकारले आवश्यक सहजीकरण गर्ने विश्वास व्यक्त गर्नुभयो ।

कार्यवाहक प्रधानमन्त्री सिंहले नेपाल साहासिक पर्यटन, ट्रेकिङ, हिमाल आरोहण, स्काई ड्राइभिङका लागि आकर्षक गन्तव्य बन्दै गइरहेको बताउँदै पर्यटन क्षेत्रमा निजी क्षेत्रले आफ्नो व्यवसाय सञ्चालन गर्नसक्ने अवस्था सिर्जना गर्न सरकारले येजना बनाइरहेको उल्लेख गर्नुभयो । अस्थिरताका कारण देशमा समस्या देखिएकाले राजनीतिक स्थायित्वका लागि संसद्का दुई ठूला दल मिलेर सरकार गठन भएको भन्दै उहाँले सरकार जनताको पक्षमा सशक्त रुपमा अघि बढ्ने बताउनुभयो ।



संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले नेपालमा पर्यटनको व्यापक सम्भावना रहेको उल्लेख गर्दै पर्यटनबाट आर्थिक समृद्धि हासिल गर्न राज्य र निजी क्षेत्र मिलेर काम गर्नुपर्ने बताउनुभयो । "यो वर्षको विश्व पर्यटनको नारा पर्यटन र शान्ति छ । पर्यटनका लागि शान्ति अपरिहार्य छ । एकातिर जलवायु परिवर्तनले विश्व आक्रान्त बनेको अवस्था छ । यसका असरलाई कम गर्दै लैजानु पर्नेछ । अहिले विश्वले शान्ति खोजिरहेको छ । त्यसैले 'पर्यटन र शान्ति' लाई सँगसँगै लैजाने गरी आधार तयार गर्नुपर्नेछ", उहाँले भन्नुभयो ।

मन्त्री पाण्डेले देशको कूल गार्हस्थ उत्पादनमा पर्यटन क्षेत्रको योगदान बढाउन चाहेकाले निजी क्षेत्रको सहयोग आवश्यक पर्ने खाँचो औँल्याउनुभयो । उहाँले देशको पर्यटनको विकासका लागि राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) लाई बलियो बनाउनुको विकल्प नरहेको उल्लेख गर्दै नीतिगत सुधार र व्यावसायिक बजार योजनासहित निगम सुधार गरिने उल्लेख गर्नुभयो ।पर्यटनराज्यमन्त्री अरुणकुमार चौधरीले पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि निजी क्षेत्रको योगदान महत्वपूर्ण रहेको उल्लेख गर्दै सरकारले पर्यटनमैत्री नीति बनाउनेतर्फ काम गरिरहेको जानकारी दिनुभयो । पर्यटन मन्त्रालयका सचिव डा गणेशप्रसाद पाण्डेले पर्यतीय पर्यटनमा नेपाल विश्वमा अग्रणी रहेको उल्लेख गर्दै पर्यटनबाट थप लाभ लिन सबैपक्षबीच सहकार्य आवश्यक रहेकामा जोड दिनुभयो ।

बोर्डका उपाध्यक्ष रामप्रसाद सापकोटाले पर्यटन र शान्तिबीच अन्योन्याश्रित सम्बन्ध रहेको उल्लेख गर्दै पर्यटनमैत्री नीतिले मात्रै पर्यटन प्रवर्द्धन सम्भव हुने धारणा राख्नुभयो । होटल सङ्घ नेपाल (हान)का अध्यक्ष विनायक शाहले होटल क्षेत्रमा अर्बौंको लगानी रहेका, करिब १० लाखलाई रोजगारी सिर्जना गरेको अवस्थामा राज्यले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राखेर अगाडि बढ्नुपर्ने बताउनुभयो ।होटल व्यवसायी सङ्गीता श्रेष्ठले नेपालमा पर्यटनको सम्भावना बढी रहेकाले पर्यटनबाट आर्थिक समृद्धिको यात्रा तय गर्न सकिने धारणा राख्नुभयो । पर्यटन र शान्ति भन्ने मूल नाराका साथ ४५औँ विश्व पर्यटन दिवस आज नेपालमा पनि विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

दिवसका अवसरमा पर्यटन क्षेत्रमा योगदान पुऱ्याउने विभिन्न व्यक्तिलाई सम्मान गरिएको थियो । यसैबीच शुक्रबारै जजिरा एअरलायन्स र फ्लाई दुवईबाट नेपाल आउने पर्यटकलाई विमानस्थलमा स्वागत गरिएको थियो । नेपाल पर्यटन बोर्डमा आयोजित स्वगागत कार्यक्रममा बोर्डका वरिष्ठ निर्देशक हिक्मतसिंह ऐरले पर्यटकलाई खाँदा तथा बुद्ध मूर्ति प्रदान गरी स्वागत गर्नुभएको थियो ।रासस

# उपभोक्ताको अधिकार सुनिश्चित गर्न आयोगको आग्रह

काठमाण्डु । राष्ट्रिय मानव अधिकार आयोगले चाडपर्वमा आम उपभोक्ताको अधिकारलाई सुनिश्चित गर्न तीनै तहका सरकार, स्थानीय प्रशासन, सुरक्षा निकायलगायत सम्बद्ध सबै पक्षलाई आग्रह गरेको छ ।

दसैँ, तिहार र छठ पर्व नजिकिँदै जाँदा दैनिक उपभोग्य खाद्यान्न तथा अन्य वस्तुको बिक्री वितरणको अवस्था र उपलब्धता, सार्वजनिक यातायातको व्यवस्थापनलगायतका विषयमा आयोगले अनुगमन गरिरहेको उल्लेख गर्दै आयोगले सो आग्रह गरेको हो । "आम उपभोक्ताको अधिकार संरक्षणार्थ आवश्यकताका सामग्रीको मूल्य निर्धारण र सहज पहुँचका लागि जिम्मेवार निकायबाट हुने अनुगमनलाई थप प्रभावकारी बनाउन तीनै तहका सरकार, स्थानीय प्रशासन, सुरक्षा निकायलगायत सम्बद्ध सबै पक्षलाई आग्रह छ ।"

आयोगले खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशन एवम् सोअन्तर्गतका सुपथ मूल्यका पसल, सुपर मार्केट र खुद्रा किराना पसल तथा काठमाडौँ उपत्यकाका बल्खु, कलङ्की, नयाँ बसपार्क, गौशाला र कोटेश्वर क्षेत्रमा रहेका यातायात व्यवसाय केन्द्र र सेवाग्राहीसँग




चाडपर्वको समयमा सर्वसाधारणको आवतजावतलाई सहज, सुलभ, मर्यादित, सुरक्षित र मानव अधिकारमैत्री बनाउन जरुरी छ", आयोगका प्रवक्ता डा टीकाराम पोखरेलद्वारा आज जारी प्रेस विज्ञप्तिमा उल्लेख छ, "सवारी साधनमा गर्भवती, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बिरामीलाई प्राथमिकता दिन, आम उपभोक्ताका आधारभूत जानकारी लिएको जनाएको छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेशनले सुपथ मूल्यका पसल सञ्चालन गरेको, दसैँ, तिहार, छठ नजिकिँदै जाँदा तरकारीजन्य सामग्रीको मूल्यमा अत्यधिक वृद्धि हुँदै गएको र एकै प्रकारका सामान खुद्रा पसलमा भन्दा ठूला सुपरमार्केटमा मूलइ बढी रहेको रहेको पाइएको आयोगले जनाएको छ ।रासस

## चाडपर्व सुरक्षा कार्ययोजनाः

# काठमाडौँमा तीन हजार सात सय प्रहरी खटिने

काठमाण्डु । नेपाल प्रहरीले चाडपर्वमा शान्ति सुरक्षालाई सुदृढ तुल्याइ जनजीवनलाई सहज र सरल बनाउन विशेष सुरक्षा योजना अघि सारेको छ । 'नागरिक स्वयम्को सावधानी, प्रहरीको निरन्तर निगरानी, बनाऔँ सुरक्षित राजधानी' नाराका साथ काठमाडौँ प्रहरीले सुरक्षा व्यवस्था अझ राम्रो बनाउन काठमाडौँलाई विभिन्न १४ इलाकामा विभाजन गरेको जनाएको छ ।

प्रहरी नायब उपरीक्षकको नेतृत्वमा प्रत्येक युनिटमा १०/१० जनाको टोली बनाइ परिचालन गरिने काठमाडौँ प्रहरी प्रमुख प्रहरी वरिष्ठ उपरीक्षक वसन्त रजौरेले जानकारी दिनुभयो । परिसरमा आज आयोजित पत्रकार सम्मेलनमा उहाँले दसैँ, तिहार, छठलगायत चाडपर्वका लागि काठमाडौँभित्र कुल तीन हजार सात सय ६५ जनशक्ति परिचालन गरिने जानकारी दिनुभयो ।

कुनै पनि घटना घटेमा घटनास्थलमा १० मिनेटभित्र पुग्ने गरी 'इलेक्ट्रोनिक क्विक रेस्पोन्स टिम' (ई-क्यूआरटी), सिआरभी र मोबाइल टोलीलाई तयारी अवस्थामा राखिएको उहाँको भनाइ छ । घटनास्थलको तस्वीर तथा श्रव्यदृश्य लिन 'गोप्रो क्यामेरा', तैनाथीको अवस्था बुझ्न जिपिए र तत्काल प्रतिक्रियाका लागि आवश्यक सामग्रीसहित ई-क्यूआरटी टिमलाई परिचालित गरिएको छ । घटनास्थलमा थप प्रतिकार्यका लागि बढीमा ३० मिनेटभित्र यथेष्ठ प्रहरी तैनाथी हुने व्यवस्था मिलाइएको छ ।



प्रहरीले अपराध हुनसक्ने सम्भावित क्षेत्रमा पैदल, सवारी र ड्रोनमार्फत गस्ती गर्नेछ । प्रहरीले स्थानीयका खाली घर, आर्थिक कारोबार हुनसक्ने स्थान, सरकारी कार्यालय, भीडभाड हुने स्थान, गरगहना पसल, बसका टिकट काउन्टर, धार्मिकस्थल, बसपार्कलगायतलाई सुरक्षा क्षेत्रका रुपमा पहिचान गरेको छ ।

सम्भावित क्षेत्रमा सूचना सङ्कलनका लागि सादा पोसाकमा ३८ टोली परिचालित हुनेछन् । 'सिल एण्ड सर्च'का लागि २८ तथा 'एम्बुसिङ' र निगरानीका लागि २२ टोली परिचालित गर्ने काठमाडौँ प्रहरीको तयारी छ । काठमाडौँ भित्रने नाकामा प्रत्येक दिन कुकुरमार्फत उच्च निगरानी गरिने, विभिन्न ३५ स्थानमा सुरक्षा व्यवस्थासम्बन्धी चेतना फैलाउन पर्चा वितरण गर्ने, काठमाडौँका प्रमुख १२ स्थानका टिकट काउन्टरमा सहायता कक्ष सञ्चालन गरी सार्वजनिक यातायातलाई सुरक्षित र व्यवस्थित बनाउन विविध कार्यक्रम गरिनेछ ।

बैंक तथा वित्तीय संस्थामा चोरी लुटपाट हुनसक्ने, सामान किनबेच हुने स्थानमा अत्यधिक भीडभाड भई किनबेच कार्यमा असुविधा तथा पसलहरुमा चोरी तथा लुटपाट हुन सक्नेतर्फ ध्यान दिँदै प्रहरीले निगरानी गर्नेछ । रासस

# देशैभर मध्यमदेखि भारी वर्षा

काठमाण्डु । पछिल्लो १२ घण्टायता देशैभर मध्यमदेखि भारी वर्षा भइरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । महाशाखाको विवरणमा सङ्घीय राजधानी काठमाडौँ उपत्यकासहित देशका अधिकांश स्थानमा भारी वर्षा मापन गरिएको छ ।

महाशाखाका मौसमविद् विनु महर्जनका अनुसार काठमाडौँसहित देशका अधिकांश स्थानमा वर्षा भइरहेको छ । कोशी, मधेश, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका थोरै स्थानमा भारी वर्षा भएको उहाँले बताउनुभयो ।

विगत १२ घण्टामा कोशी प्रदेशको झापा, इलामलगायत क्षेत्रमा अति भारी वर्षा भएको छ । झापाको अनारमणीमा दुई सय तीन मिलिमिटर र चन्द्रगढी विमानस्थलमा दुईसय ६० मिलिमिटर र इलाममा दुई सय ४३ मिलिमिटर वर्षा मापन गरिएको मौसमविद् महर्जनले जानकारी दिनुभयो । पछिल्लो एक घण्टामा सुदूरपश्चिम र कर्णाली प्रदेशमा तुलनात्मक रुपमा कम वर्षा भएको छ । काठमाडौँका थोरै स्थानमा भारी वर्षा भएको छ ।

कीर्तिपुरमा ८४ मिलिमिटर र बूढानीलकण्ठमा ६५ मिलिमिटर, काठमाडौँका अन्य क्षेत्रमा ६० मिलिमिटरभन्दा बढी वर्षा मापन गरिएको महाशाखाले जनाएको छ ।

ललितपुरको लेलेमा एक सय १५ दशमलव पाँच र गोदावरीमा ९३ दशमलव आठ मिलिमिटर वर्षा मापन गरिएको छ । अहिले सबै प्रदेशमा निरन्तर वर्षा भइरहेको भन्दै भोलि पनि दिनभर वर्षा हुने सम्भावना रहेको मौसमविद् महर्जनले जानकारी दिनुभयो ।आइतबार मध्यान्हपछि मौसममा केहीसुधारआउँदैजानेमहाशाखालेजनाएको छ । निरन्तरको वर्षासँगै उपत्यकालगायत मुलुकका अधिकांश नदीनालामा जलसतह बढेको छ । काठमाडौँको बागमती, विष्णुमती, धोबीखोला, ललितपुरको कर्मनासा, भक्तपुरको हनुमन्ते खोलामा जलसतह उच्च रहेको छ । वर्षाले काठमाडौँसहित मुलुकभरको जनजीवन सामान्य प्रभावित भएको छ ।

जल तथा मौसम विज्ञान विभागले मोबाइलमार्फत सूचना पठाएर आवश्यक सतर्कता अपनाउन आग्रह गरेको छ । काठमाडौँ उपत्यकास्थित बागमती नदी, खोकना, मनोहरा, गौरीघाट, बल्खु खोला बलम्बु र विष्णुमती गोङ्गबु बसपार्क जलमापन केन्द्रमा हालको जलसतह सतर्कता तह पार गरेको र बढ्दो क्रममा भएकाले नदी तटीय क्षेत्रमा यात्रा गर्ने र बस्नेले उच्च सतर्कता अपनाउन विभागले अनुरोध गरेको छ ।रासस

## नापी कार्यालय, जनकपुरधाम, धनुषा

## २१ दिने सार्वजनिक सूचना

**सूचना प्रकाशन मिति : २०८१/०६/११**

यस नापी कार्यालय धनुषामा दिएको नि.द.नं. ७२ मिति २०८१/०५/०९ को निवेदन अनुसार जि.ध.साबिक गा.वि.स. सोहनी मुजेलिया वार्ड नं. ४ क कित्ता नं. ३०९ ज.वि. १-६-१२-० मध्ये गाउबल्क भित्रको स्ववासी जग्गा जनकपुर वार्ड नं. १४ को सिट नं. १२३५-२३ को किता नं. ४१ किताको घर जग्गा देहायका व्यक्तिले परापुर्वकाल देखि दर्ता तिरो केही नभई मेरो स्ववासी जग्गा दर्ता गरी पाउ भनि दाबी गरेको हुँदा जग्गा नाप जाँच ऐन २०१९ को दफा ६ को उपदफा ५ बमोजिम सूचना प्रकाशित गरिएको छ । सो उपर कसैको हकभोग भए वा उक्त जग्गा ऐलानी, सार्वजनिक, वन क्षेत्र वा गुठी अधिनस्थ जग्गा भए यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काइस) दिन भित्र यस कार्यालयमा आफै वा रितपर्वुक वारिस पठाई स-प्रमाण उजुर गर्नु होला अन्यथा निम्न उल्लेख भएका जग्गा निवेदकको नाममा जग्गा नाप जाँच ऐन २०१९ को दफा ६ को उपदफा ५ गाउब्लक क्षेत्रको नाप जाँच सम्बन्धी निर्देशिका २०७७ को दफा २ को परिभाषा (घ) बमोजिम र दफा ७ को (ग) बमोजिम स्ववासीमा दर्ता भई जाने व्यहोरा समेतको सूचना प्रकाशित गरिएको छ ।

| जग्गाधनीको नाम थर र वतन | जग्गाधनीको बाबु, बाजेको नाम | मोहीको नाम, थर र वतन | वडा नं. सिट नं. | कित्ता | क्षेत्रफल | किसिम | जग्गाधनीको हक हिस्सा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| नाम :- खाली | | | १४/ १२३५-२३ | ४१ | ०-०-६-० | घरबारी | संयुक्त | फिल्ड बुकको कैफियत महलमा राम प्रसाद यादवको नाम लेखिएको । |

जनकपुर टुडे

२०८१ साल आश्विन १२ गते शनिबार (28 September, Saturday, 2024)

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। हाम्रो देश , हाम्रो पहिचान ।।

हामी नेपाली चौरमा बसर खेल्ने छु ।
बाजेबजैको जीवनमा लालीगुरासं बनेर आए छु ।
म नेपाली हुनुको गौरव आज मनमा आएको छ ।
शुद्ध बोल्न, लेख्न बाजेबजैले सिखाएको छ ।
हामी नेपाली चौरमा बसि राष्ट्रिय गीत गाएको छु ।
सहिदहरुले आफ्नो ज्यान देशका लागि गुमाएका छन् ।
रगतको बलिदान दिने हाम्रै भाईबहिनी हुन् ।
यति कुरा याद गर्नु नेता ज्यूहरु ।
आफ्नो रंगत चढाएको कारण तपाईहरु रातों कुर्सी पाउनु भएको हो ।
हामी नेपालीको गरिमा को कदर गर्न सिक्नु सं हजुर ।
हामी नेपाली चौरमा बसि झंडा फहराउने हो ।
हामी जनतालाई तपाईहरुको साथ चाहिन्छ , यो पापि हाथ हैन आउनु
र झण्डा फहराउनु सँ ससंद ज्यूहरु । ।



**प्रियंका झा**
**जनकपुरधाम: १२**

## ।। छोरीको पुकार ।।

ताना दिनछ मलाई मानिस हजार
त्य कारण अहिले मलाई नमार
मलाई पनि हेर्नू छ यो संसार
मलाई पाउनूभनदा पहिले नै नहार
मलाई बोझ मानने सबै छन गवार
मेरो लागी लडी रहेछ यो सरकार
म पनि गर्न सकछू पापीको संहार
म बनने छु एक दिन यो देशको कर्णधार
भाई जसतो काम एक दिन म पनि गर्नेछु
आफनो अधिकारको लागी म पनि लर्नेछू
देशको लागी हासीं हासीं मर्नेछु
आफनो सफलता को खुसिले सबैको आखां भर्नेछू
मलाई अछूत जसतो न नकार
म संग गर तिमी राम्रो व्यवहार
म बनने छु तिम्रो जिवनको आधार
भोली गर्नू छु देशमाथी महिमा अपार
बनछू म एक दिन सफल नारी
गर्छु सबै काम सबारी
दिनछु अरुलाई खूशी आफनो सुखलाई मारी
बनन् दिदिन म कसैलाई अत्याचारी
अत्याचारलाई रोकन मेहनत गर्नेछू अगाडी
जति छटू बानंदरलाई समातन मेहनत गर्दछ मदारी
मेरो काम हेरेर प्रशंसा गर्नेछ दुनीया सारी
तब सबैले भनछ यो हो सफल नारी
छोरी हूनछ देश निर्माता , छोरीले नै लागछ यो देशलाई सबारी
छोरीलाई गर्नुपरछ सम्मान, उसलाई गरभमा नमारी
यो सूचना छ सबैको जन हितमा जारी



**नाम: करिश्मा कुमारी दास**
**ठेगाना: विदेह नगरपालिका , मूडीवा (५)**
BBS 1st year student MMC, janakpur

## ।।मायाको गन्तव्य ।।

खैय के भऐछ मलाई
मेरो मायाले भरिएको
आँखा तिमीलाई मात्र हेर्न खोजेछ ।।
खैय के भएछ मलाई
मेरो प्रेमले भरिएको
मन तिमीलाई मात्र अङगालन खोजेछ।।
तियो बगैंचामा फुली रहेको फुल
मलाई देखेर सधैं मुस्कुराउँछे
खैय के भएछ तिमीलाई
आज नदेखेर तियो फुली रहेको फुल
पनि मुझाएको छ ।
तियो नदेखेको जीवनमा पनि
मैले आपनो गन्तव्य तिमी मै देख्छु
खैय के भएछ मलाई
मेरो मनले सुख दुःख मा
पनि तिमीलाई नै सम्भिन्छ ।
खैय के भएछ मलाई
मेरो मनले पनि प्रमेको
गन्तव्य तिमी मै टुडगियन खोजेछ।।



**कुम कुम महतो**
**ठेगाना: जनकपुर**

## ।। क्रोध ।।

क्रोधको आगो, सुलगिन्छ मनमा,
साँच्चैको शान्ति, लुटिन्छ यसमा।
कसैले चुरो गरे, चोट पुग्दा त,
जुनको लहर, छोड्दैन न त।
तितो शब्दहरू, धार हन्छन्,
संसारका रङ, कालो पार्छन्।
तर सोचौं त, क्रोधले के दिन्छ?
सुखको बाटो, कहिल्यै छेक्दैन।
शान्ति खोजौं, क्रोधलाई चिन्न,
समयको धारा, गहिराइमा जाँदैन।
आँसु र हाँसो, बाँच्नुपर्छ सँगै,
क्रोधको छायामा, नबाँचौं हामी।
शान्ति हाम्रो शक्ति, प्रेमको किनारा,
जीवनको यात्रा, यही हो साँचो सारा।



**लेखक:बब्लु शर्मा**
**ज. उ. न. पा. ०७**

## ।। सम्बन्ध ।।

बिहानीको पहिलो घाम झैं,
बुबाको माया अपार,
जीवनको हर एउटा मोडमा,
उहाँको हात थाप्ने आधार।
हात समातेर हिंडाउनु भयो,
पहिलो पाइला टेक्दा,
छाया झैं साथ दिनुभयो,
हामी हिँड्दै गर्दा।
समय बित्दै गयो,
अहिले म हुर्किएँ,
बुबाको नजरमा अझै,
त्यो सानो छोरा देखिन्छु।
बोली केही भन्न सक्दिन,
तर मनको भाषाले बोल्छ,
बुबाको माया अझै त्यस्तै छ,
छोराको सम्मानले गहिरो पोल्छ।
सम्बन्ध हाम्रो अमूल्य छ,
अविरल बग्ने नदी झैं,
म सधैं चोखो माया दिन्छु,
बुबाको त्यो अमर विश्वासलाई।



**नाम : रमेश साह (बि.बि.एस)**
**ठेगाना : औरही न.पा-१ महोत्तरी**
**हाल जनकपुरधाम**

## ।।भष्टाचारी को भुमरीमा देश ।।

देश भष्टाचारी को भुमरीमा पुगी रहेछ
नेताहरु सत्ताको लागि जुधी रहेछ
युवा युवती बेरोजगारी भए छ देशमा
सो रोजगार को लागि खाड़ी देश कुदी रहेछ
जुन पाटी सत्ता मा आएनी देशको अवस्था
जस्ताको त्यसतै रहियो भएको कल कारखाना
जति भत्कि रहेछ
देश बनाउने को खुट्टा तान्ने कति हो कति
वालेन जस्ता निडर ले अघि बढी रहेछ
ताई न तुईको कुरा गरे छन विरोधीहरु
आ आ फैइ मै जुधी रहे छ
विदेशी रेमिट्यान्सले देश चलिरहे छ
विचारा जन्मिदै यो देश मा सबै जनताको
भागमा लाखौको ऋण पुगि रहेछ
अब जनताहरु वाक दिक्क भए छ देशमा
कुन दिन चाही भष्टचारीहरु लाई देखिने छन
जोगी को भेष मा



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। संविधान ।।

संविधान एक गुणात्मक पुस्तक
जनताको लागि अमूल्य रक्षक
ऐन विनियम को एक अमूल्य खाका
सम्पूर्ण जात जाति भाषा भाषिका लागि सर्वहारा खाका
आफ्ना आआफ्ना देशका सराहनीय तथा प्रमाणिक संविधान हुने गर्दछ
ध्यान दिनुपर्ने अल्पसंख्यक जाति देखि गुणात्मक जाति लागि प्रत्येक
स्तरमा निकायमा प्रत्यक्ष स्थान का सञ्जाल संविधान मा हुनुपर्छ
छुत अछुत शिक्षा देखि करम र करमी व्यवसाय का अमूल्य खाका
स्थानमानमा राखी सबै जात जातिका जनताका उत्तम निर्णायक
पुस्तिका संविधान मा हुनुपर्छ
गैर दलित जनजाति अल्पसंख्यक तथा अन्य धर्मका हिन्दु बाहेक
सबैको हक र पहिचान को खाका संविधान मा हुनुपर्छ
धर्म निरपेक्ष मुलुकी ऐन छुटेको एन तथा विनियम समावेश
गर्ने जनताको चाहना सहुलियत प्राविधिक शिक्षा जनताको चाहना
नागरिकता एन बंसज अङ्गीकृत जन्मसिद्ध सजिलै तथा नीतिगत पाउने
जनताको इच्छा मजदुरी हक तथा व्यवसायिक व्यवस्थापन सहित
संविधान संशोधन हुनुपर्ने
शिक्षामा प्रत्येक निकायमा प्राविधिक तवर सार्थक समावेशी
संविधानमा हुनुपर्ने
७७ जिल्लामा नेपाल १४ अञ्चलमा जनताको न्यायिक हकहितको
संविधान हुनुपर्ने
राजनीतिक प्रवेश भन्दा शिक्षामा अग्रसर हुने प्रेरणादायी संविधान हुनुपर्ने
युवा शक्ति देशका सम्पत्ति विदेशीनु नपर्ने ऐन हुनुपर्ने
रोजगारी का अवसर देशमै ठोकुवा हुनुपर्ने
तराई पहाड हिमाल का सम्पूर्ण जनता लाई सहुलियत शिक्षा
व्यवसाय दूरीका संवैधानिक संरचना मुलुकभरि ऐनमा हुनुपर्ने
समाज सुरक्षित हुन प्रत्येक वडा विकासित हुनु पर्दछ
वडाका वडाध्यक्ष देखि सबै सुविचारी हुनुपर्दछ
सबै जात जातिका समस्या पहल हुनुपर्ने उच्च निकाय सम्म सिकायत
हुँदै समाधान हुनुपर्छ गरिबी र अशिक्षा दुवैबाट निर्मूल पार्नु पर्छ
व्यवसायी प्राविधिक शिक्षामा जोड दिनुपर्छ संविधानलाई जनता
समाज समछ्य सार्वजनिक गर्नुपर्ने हुन्छ
सरकार ऋणी छ कि संविधान अनुचित छ मुलुकका ऐन जनतालाई
सहज रुपमा प्रष्ट पार्नु पर्ने हुन्छ
विभिन्न देशले नेपाललाई आर्थिक सहयोग गर्दै छ तापनि नेपाली
जनतालाई जीवनभर विदेशीनु पर्दैछ
गरिब जनता कि देश खोक्ला हुँदैछ
संविधान संशोधन भन्दा भन्दै कुर्सी समातेका नेताहरु विदेशी ऋण खाँदै
निमुखा गरिबहरू विदेश धाउँदै
संविधान तथा मुलुकी ऐन को अध्ययन पदासीन नेताहरुले गर्नु नै पर्ने
सुझाव सल्लाह पराजित नेताहरू सँग सुझाव लिनु नै पर्ने हुन्छ
समावेशी संविधान जनता जनता समक्ष भित्र्याउनु नै पर्ने हुन्छ
यस्तो चाहिन्छ देश सबैले पाउन अन्न धनी गरिब सबै मिली
समाजलाई बनाउनु स्वर्ग
जय जनता जय नेपाल



**प्रमोद राम**
**जनकपुर धाम ९**

## ।। गजल ।।

प्रेम मोहोब्बत
कुरो मिल्दा प्रेम बढछ ।
मन मिल्दा सम्बन्ध ।।
कुरो मिल्दा ,प्रेम बढछ ।
मन मिल्दा सम्बन्ध ।
तर पनि संसार बिरानै छ ।
बाडेका छन खण्ड खण्ड ।।
प्रेम शब्द नै अधुरो छन ।
यस धर्ती ब्रहमाण्डमा ।।
प्रेम शब्द नै अधुरो छन ।
यस सुन्दर संसारमा ।।
कसरी पूरा गरु म ।
यस कलयुगको गाममा ।।
दुःख कष्ट दिने धेरै छन ।
सुख दिने कोहि कोहि ।।
आमाबुबा भन्दा बढी माया
गर्दैन जोकोही ।।
प्रेममा पनि यहाँ मयालुले ।
दिन्छ सधैं धोखा ।।
जिवन अनमोल हुदोरहेछ ।
बुझ्न पाए मैले मौका ।।
फेरि यदि आउन पाए ।
म यस सुन्दर संसारमा ।।
प्रेमको अर्थ पूरा गर्नेछु ।
इतिहास बनाउने हो ।।
यस ठुलो ब्रहमाण्डमा ।।
धोका दिनेलाई पनि मौका दिन्छु ।
जब उ आउँछ हाम्रो संसारमा ।।
फेरि फेरि काया पल्ट हुन्छ ।
अध्दभुत प्रेमको गाथा बन्छ ।
जब आउँछ हाम्रो नाउँमा ।।
प्रेम शब्द पुज्य छ ।
सावित गर्न सकेन म आफ्ना वर्तमानमा ।।
इतिहास गवाह रहने छ ।
जब पूरा हुनेछ, हाम्रो भविष्यको पहिचानमा ।।
धोका दिनेलाई पनि मौका दिन्छु ।
जब आउँछ उ हाम्रो नाउँमा ।।
प्रेम शब्द पूरा हुन्छ ।
जब उ आउँछ हाम्रो छाउन ।।
कुरो मिल्दा, प्रेम बढछ ।
मन मिल्दा सम्बन्ध ।।



**लेखक:-गणेश कुमार साह**
**रम्दैया वार्ड न.१**
**क्षिरेशवरनाथ नगरपालिका**

## ।। जीवन यात्रा ।।


जीवन यो के हो??
प्रकृतिका अवशर अनेक।
कसैका छन् यो सिर्जना?
जीवनयात्रा, सपना अनेक।।
ल्याउँछन् कसैलाई खुशीका मोति,
कसैलाई दुःखका ,बादल छोपि।
हुदैनन् मापन,दुःखका दीन,
मिल्दैन भन्न,व्याथा छन् भिन्न।।
संघर्षरहित जीवन नै शुन्य यो।
सुख तहाँ,जहाँ संघर्ष ,
छन् त्तयु क्षण भरिको यो।।
हराएको छु,म एकल यात्री,
खै!मेरो यात्राको गणतव्य होला?
खोज्दा खोज्दै बुझिन मैले ,
म एकल यात्री,
जीवनको के रहस्य होला??
जीवन मेरो अनमोल उपहार,
खुलेर जिउने मेरो चाहना।
विलिप्त हुनु नै छ,सबैलाई यहाँ ,
"जीवनयात्रा "मेरो सपना।।



**साधु शरण महतो 'अदित्य'**
**भङ्गहा नपा. ४,रामनगर विर्ता (हाल:नलगाड ,जाजरकोट )**

## ।। हुरिबतास ।।

मनमा चलेको अनेकौं
बिचार एक्छिन मै हरायो
जब हावाहुरीले मेरा अनेकौं सपना
भुकम्पमा भत्केको घर जस्तै भत्कायो ।
मैले लेखेका त्यो कथाकविताको
केही मोल नै रहेन किनकी जब सम्म
म फर्के मेरो कापीको पाना बाटोमा
रहेको धुला जस्तै उडाएर लग्यो ।।
मैले रचेका मेरा थुप्रै रचना पानीमा
बगेको मानिस झैं बगाए ।
जब हुरिबतासले गर्दा मेरो कापीको पाना
आकाशमा भएको चङ्गा झैं उडायो ।
मैले अरुलाई सुनाउन नसकेका
मेरा सारा साहित्यहरु एक
पलमा नै बिलुप्त भयो
मैले सोचेका त्यो गजलको शब्दहरु
एक्छिनमै म बाट अदृश्य भयो जब
हुरीबतासले मेरा अनेकौं सपना
भुकम्पमा भत्केको घर जस्तै भत्कायो।।



**लेखक:- आदित्य झा**
**कक्षा :-१०**
**श्री राष्ट्रिय माध्यमिक बिधालय,**
**जनकपुरधाम-१० रुपैठ , बेलहि**

## ।। आजको वर्षा ।।

आजको वर्षा, याद दिलाउँछ त्यो पुरानो दिन,
अलिकति हाँसो, अलिकति आँसु भिजाउँछ मन किन।
झ्यालबाट हेर्छु, बर्सन्छ निलो आकाशको जल,
त्यसैमा खोज्छु म, हराएको सपना अनि उज्यालो पल।
पातहरू झर्छन्, बोझलाग्दा दुखका झरीसँगै,
सारा पीरहरू पखालिन्छन् पानीका धारा बग्दै।
तिमी सम्झ्यौ होला कि त, यो भीज्दो मौसममा,
म त डुबेको छु तिमी बिना, यो एक्लो किनारमा।
आजको वर्षा, सँगै ल्याउँछ पुराना सम्झनाहरू,
तर यो झरी पनि तिमी बिना, अधुरो लाग्छ मनका पर्खालहरू।



**लेखक विवेक साह**
**जनकपुरधाम ४**
**डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ ( ६ सेमेस्टर)**

र नादान मन, तँ राख धीर ।
व्यथित व्याकुल प्रतिपल
न गर स्वयंलाई उथलपुथल
न बन मिथ्याको दुष् अधीन
बन सत्यमा एकाग्र-तलिन
मोह माया भ्रममा रह स्थिर
रे नादान मन, तँ राख धीर ।
मृत्यु भनेको शव सास रहित
मोक्ष भनेको सर्वआस रहित
पदसत्तामा पुग्नु होइन जीत
हार, प्रथम पथमा भयभीत
जीवनरणमा बन साहसी वीर
रे नादान मन, तँ राख धीर ।
दुर्गन्धमा असर्‌्येय किरा
स्वच्छ दर्पणमा एकल पीडा
निज स्वार्थका निज सम्बन्ध
पर्दा पछाडि कालो प्रबन्ध
सह सर्व शोक सन्ताप पीर
रे नादान मन, तँ राख धीर ।
चेतन अवचेतन बुझ प्रवृत्ति
भावदर्पण देख स्वयंआकृति
जोग बिजोगमा न रह भ्रमित
संवेग आवेग गर नियन्त्रित
न बगा नित नैनसागर-नीर
रे नादान मन, तँ राख धीर ।



**लेखक: राम मण्डल**
**ठेगाना: लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा**
**धनुषा, नेपाल**

## ।। आमा ।।

उनी म लाई हँसाउन कति औं रात रोएकी छिन्
मेरो खाली पेट अन्नले भर्न
थाहा छैन कति औँ रात भोकै सुतेकी छिन्
खै म जस्तो अभागी छोरालाई हुर्काउन
किन यति कष्ट गरेकी हुन् उनी
सायद आमा भएर नै होला
मेरो बिग्रेको भाग्यको ग्राफ सच्याउन
आफ्नो भाग्यमा दुःखको डोरी बेरेकी हुन
ए आमा तिमी महान छौं
मेरो जीवनको लागि तिमी नै मेरो भगवान् छौं
म लाई पनि मन लाग्छ आमा
तिम्रो खाली खाली गला गहनाले भरी देऊ
रितो गोजी पैसाको पोकोले भरी देऊ
सहरमा तिम्रोलागि नयाँ घर किनी देऊ
तर म तिम्रो कर्म रूपी वृक्षको तीतो फल बनेको छु
कहिले काँही लाग्छ खोलामा हाम फालेर
आफ्नो ज्यानको हत्यारा आफैं बनी देऊ
संघर्षको बाटो हिड्दा म थाकेको छु हारेको छैन
परीक्षा रूपी युद्धबाट डराएर भागेको छैन
मेहनत गर्दै छु म हाम्रो सपना पूरा गर्न
म माथि आफ्नो अटुट विश्वास राख्नु आमा
किनभने म मेहनत गर्दै छु मरेको छैन
केही समय अझ म लाई लाग्ला यो जागीरको युद्ध जित्न
अझ केही समय लाग्ला यो बिग्रेको भाग्य आफ्नै मेहनतले मिच्न
चिन्ता न लेऊ आमा म लाई थाहा छ अहिले दुखी तिम्रो मुहार छ
अब हाम्रो भाग्य बदलिने समय आई सकेको छ आमा
तिम्रो यो अर्जुन परीक्षा रूपी युद्धको लागि मेहनतको कलम बोकेर तैयार छ



**नाम:- रामनारायण साह सोनार**
**ठेगाना :- छिपहरमाई गा.पा.-०४, तुल्सी बार्वा**
**पेशा :- शिक्षक (नेपाल सरकार)**

## ।। एक उम्र मैले कसैको यादमा गुजारी।।

एक उम्र मैले कसैको यादमा गुजारी, तर तिनको माया कहिल्यै नथियो सवारी। अब केही मान्छे छ, जसले सिखाउँछन्, माया के हो, कसरि बुझाउँछन् ।

उनीहरूले माया गर्ने तरिका देखाउँछन्, अनकही भावनाको, धुन सजाउँछन् । खुशीका पलहरू, तिनका संगै बित्छन्, पहिल्यैको चासो, अहिले महशूस हुन्छ।

कहिल्यै नदेखेका, माया गर्न सिखाउँछन्, जसले मलाई प्रेमको नयाँ अर्थ बुझाउँछन्।



**नाम:- त्रिजेप कुमार झा**
**लोहारपट्टी -०५(महोत्तरी)**
**सिभिल इन्जिनियरिङ छात्र**

# शान्ति प्रक्रियासम्बन्धी बाँकी काम चाँडो पूरा गर्न नेपाल प्रतिबद्ध छः प्रधानमन्त्री



न्युयोर्क । प्रधानमन्त्री केपी शर्मा आलीले शान्ति प्रक्रियासँग सम्बन्धित बाँकी काम चाँडोभन्दा चाँडो पूरा गर्न नेपाल प्रतिबद्ध रहेको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभालाई आज सम्बोधन गर्दै उहाँले विसं २०६३ मा बृहत् शान्ति सम्झौतामा हस्ताक्षर भएदेखि नेपाल शान्ति प्रक्रियालाई चाँडो पूरा गर्न दृढ रहेको बताउनुभएको हो । सङ्घर्षबाट उदाएको राष्ट्रको रूपमा नेपालले शान्ति र राजनीतिक स्थायित्वको महत्व बुझेको बताउँदै आफ्नो नेतृत्वमा वर्तमान सरकार गठन भएपछि संसद्ले सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक पारित गरिसकेको जानकारी दिनुभयो । सङ्क्रमणकालीन न्यायसम्बन्धी सबै मुद्दालाई सधैँका लागि समाधान गर्न आफू प्रतिबद्ध रहेको स्पष्ट गर्दै प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामी कानुन कार्यान्वयन गर्दा सत्य र न्यायसहित पीडितहरूको अधिकारको रक्षालाई प्राथमिकता दिनेछौँ । द्वन्द्वकालका पीडामा मल्हम लगाउने प्रयासस्वरुप क्षतिपूर्ति उपलब्ध गराउनका साथै मेलमिलापमा जोड दिनेछौँ ।” नेपालको शान्ति प्रक्रियालाई निष्कर्षमा पुर्याउन संयुक्त राष्ट्रसङ्घसहित अन्तर्राष्ट्रिय समुदायले गरेको सहयोगको उहाँले प्रशंसा गर्नुभयो ।

प्रधानमन्त्रीले वर्तमान विश्व आमूल परिवर्तनको मोडमा रहेको बताउँदै धनी र गरिब, सद्भाव र घृणा, आर्थिक विकास र वातावरणीय विनाशबीचको विरोधाभासमा रहेको उल्लेख गर्नुभयो । साथै उहाँले मानव जाति र पृथ्वी जलवायुको विपत्तिमा रहेको वास्तविकता प्रस्तुत गर्नुभयो ।

“भूराजनीतिक प्रतिस्पर्धाको पुनः उदय भएको, सैन्य खर्च र नियन्त्रणविहीन हतियार दौड बढिरहेको, आणविक युद्धको भय समाप्त भएको छैन”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हाम्रो अर्थतन्त्र कमजोर छ, कोभिड-१९ महामारीका दीर्घकालीन प्रभावहरूसँग जुधिरहेको छ, उदारीकरण र विश्वव्यापीकरणले ल्याउनुपर्ने लाभ हामीले प्राप्त गर्नुभन्दा पहिले नै राष्ट्रवाद र संरक्षणवाद पुनः देखापरेको छ ।”तीन सय वर्षको औद्योगिकीकरण र आधुनिकीकरण यात्रापछि पनि समृद्धि मुख्य रूपमा औद्योगिकीकरणका माध्यमबाट आर्थिक समृद्धि हासिल गरेका राष्ट्रमा नै केन्द्रित रहेको तथा गरिबी र अभाव अतिकम विकसित देशहरूमा व्यापक रहेको उहाँले उल्लेख गर्नुभयो । यस्तो विभेद हटाउन अर्थपूर्ण सहयोग र सहकार्यलाई बढावा दिनुपर्नेमा उहाँले जोड दिनुभयो ।

प्रधानमन्त्री ओलीले भन्नुभयो, “सामूहिक इच्छाशक्ति र एकीकृत कार्यद्वारा मात्र हामी यो प्रवृत्तिलाई उल्टाउन सक्छौँ र सबैका लागि दिगो शान्ति र साझा समृद्धिको युग प्रारम्भ गर्न सक्छौँ ।” यस सन्दर्भमा महासभाको उक्त सत्रको विषयवस्तु ‘कसैलाई पछाडि नछाडिनेः वर्तमान र भावी पुस्तालाई शान्ति, दिगो विकास र मानवीय प्रतिष्ठाको उन्नतिका लागि एकजुट भएर काम गरौँ’ भन्ने आदर्श वाक्य समयोचित भएको बताउनुभयो ।

उहाँले ‘समिट अफ द फ्युचर’ मार्फत वर्तमान र भावी पुस्ताका लागि सुरक्षित, न्यायपूर्ण र दिगो विश्व व्यवस्था निर्माण गर्ने प्रतिबद्धता पुनःपुष्टि गरेको उल्लेख गर्नुभयो । वर्तमान र भावी पुस्ताको हितका लागि सम्मेलनले अनुमोदन गरेका तीन दस्तावेज कार्यान्वयन गर्ने दृढ सङ्कल्प सबैले प्रस्तुत गर्नुपर्नेमा प्रधानमन्त्री ओलीको जोड थियो ।

नेपालको सबै क्षेत्रको विकासका निम्ति लामो समयदेखि अघि सारिएको ‘कसैलाई पछाडि नछाडिने’ सिद्धान्त देश विकासको आधारशिला भएको बताउँदै उहाँले यो नेपालको संविधानमा समाहित रहेको तथा यसले समावेशिता, समानता, न्याय, समानुपातिक प्रतिनिधित्व, मानवअधिकार र समाजको सबैभन्दा कमजोर वर्गका लागि सामाजिक सुरक्षाको प्रत्याभूति गरेर लोकतान्त्रिक मूल्यमान्यतालाई कायम राखेको स्पष्ट गर्नुभयो ।

“सर्वसमावेशी लोकतन्त्र’मा मेरो दृढविश्वास छ, यसलाई नै मूलमन्त्र मानेर देशको नेतृत्व गर्ने मेरो सङ्कल्प छ । समान अधिकार, अवसरमा समान पहुँच, सामाजिक न्याय सुनिश्चित गर्ने, कमजोर समुदायहरूको संरक्षण, सबैका लागि सुरक्षा र मर्यादा कायम गर्नु लोकतान्त्रिक राज्यको दायित्व हो”, उहाँले भन्नुभयो, “हाम्रा दुई प्रमुख राजनीतिक दलहरूको सहकार्यबाट गठित वर्तमान सरकार हाम्रा जनताका लागि समावेशी र न्यायपूर्ण समृद्धि र आर्थिक रूपान्तरणलाई गति दिन दृढ छ । हामीले हाम्रो राष्ट्रिय आकाङ्क्षा ‘समृद्ध नेपाल, सुखी नेपाली’लाई साकार पार्न आफूलाई समर्पित गरेका छौँ ।”

सन् २०२६ मा नेपाल अल्पविकसित राष्ट्रबाट विकासशील देशमा स्तरोन्नति हुने तयारीमा रहेको बताउँदै प्रधानमन्त्री ओलीले दिगो विकासका लक्ष्य हासिल गर्न मेहनत गरिरहेको जानकारी दिनुभयो ।

“सन् २०४३ सम्ममा हाम्रो विकसित देश बन्ने चाहना छ, यद्यपि हामी ठूलो आर्थिक चुनौतीको सामना गरिरहेका छौँ”, उहाँले भन्नुभयो । दिगो विकासका लक्ष्य हासिल गर्ने बाटोमा समस्या छन् । दिगो विकासका लक्ष्य हासिल गर्न २४ अर्ब अमेरिकी डलरको आवश्यकता रहेको उहाँको भनाइ थियो ।प्रधानमन्त्री ओलीले गत जुनमा अन्तर्राष्ट्रिय विकास सङ्घ (आइडीए-२१) सम्मेलन आयोजना गरेको तथा त्यस क्रममा नेपालको चौतर्फी विकासका निम्ति अन्तर्राष्ट्रिय सहयोग वृद्धि गर्न निरन्तर आह्वान गरेको बताउनुभयो ।

जलवायु परिवर्तनका कारण हामी बसेको पृथ्वी, जनता र समृद्धिमा गम्भीर चुनौती खडा गरेको बताउँदै प्रधानमन्त्री ओलीले भन्नुभयो, “यसबाट नेपाल विशेषगरी प्रभावित छ ।

हामी जलवायु परिवर्तनका प्रभावबाट सबैभन्दा कमजोर राष्ट्रहरूमध्ये एक हौँ, विश्वका सबैभन्दा प्रभावित २०औँ देशको रूपमा छौँ । प्राचीन हिमालयमा विशाल हिउँको भण्डार हराइरहेको छ, यो सबैभन्दा ठूलो चिन्ताको विषय हो । यो क्षतिले नेपालको सीमाभन्दा बाहिर रहेका अर्बौँ मानिसलाई पानीको उपलब्धतामा जोखिम उत्पन्न भएको छ ।”

नेपालले आफ्ना वन, पहाड र नदीमार्फत पृथ्वीको स्वास्थ्यमा ठूलो योगदान गरिरहेको बताउँदै यी प्रयासका बाबजुद जलवायु परिवर्तनको मारमा देश परिरहेको यथार्थ सुनाउनुभयो । उहाँले हरितगृह ग्यास उत्सर्जनमा नेपालको शून्य योगदान भए पनि जलवायु परिवर्तनका प्रभावबाट पिरोलिएकाले न्यायका लागि आह्वान गर्नुभयो ।

“हाम्रा हिमालय जलवायु र महासागरको पारिस्थितिकी प्रणालीलाई नियमन गर्न महत्त्वपूर्ण भूमिका छ, हिउँले भरिएका नदी महासागरमा बग्छन्”, यिनको महत्वलाई ध्यानमा राखेर जलवायु वार्तामा पर्वतीय मुलुकका विषयमा गम्भीर हुन अपरिहार्य भएकामा जोड दिँदै प्रधानमन्त्रीले भन्नुभयो । नेपाल पेरिस सम्झौताप्रति प्रतिबद्ध रहेको बताउँदै उहाँले सन् २०४५ सम्ममा शून्य उत्सर्जन हासिल गर्ने लक्ष्य लिएको र जुन विश्वव्यापी लक्ष्यभन्दा पाँच वर्ष पहिले हो भन्नुभयो ।

जलवायु परिवर्तन विश्वव्यापी चुनौती भएकाले यसको व्यापक र शृ‌ृ लाबद्ध प्रभावहरूलाई सम्बोधन गर्न विश्वव्यापी सहकार्य र सहयोगात्मक प्रयास आवश्यक हुने उहाँको भनाइ थियो । अल्पविकसित देशहरूमा विशेषगरी अनुकूलनका लागि जलवायु-प्रतिरोधी उपाय र पूर्वाधारलाई समर्थनगर्न जलवायुजन्य ‘नोक्सानी’ कोषसहित पर्याप्त जलवायु वित्त आवश्यक भएको उहाँले उल्लेख गर्नुभयो ।

जलवायु परिवर्तन एक विश्वव्यापी चुनौती भएकाले यसलाई घटाउन सबै देशको सहकार्य र सहयोगात्मक प्रयास हुनुपर्नेमा उहाँको जोड थियो । ‘लस एण्ड ड्यामेज फन्ड’को समुचित प्रयोगमार्फत दिगो एवं प्रभावकारी पूर्वाधार निर्माण गरी अल्पविकसित मुलुकलाई विकासशील मुलुकमा स्तरोन्नति गरिनुपर्ने उहाँको कथन थियो ।

नेपाली भूमि महान् ऋषिमुनिहरूको ज्ञान र आशीर्वादले भरिपूर्ण रहेको उल्लेख गर्नुहुँदै प्रधानमन्त्री ओलीले भगवान् गौतम बुद्धका शिक्षाले विश्वव्यापी शान्ति, सुरक्षा र मेलमिलापको बाटोमा प्रेरित गरेको उल्लेख गर्नुभयो ।

आजभन्दा दुई हजार पाँच सय वर्षअघि गौतम बुद्धद्वारा प्रवर्तित प्रेम, सद्भाव, सहनशीलता र सहानुभूतिको मूल्य एवं मान्यता अहिले पनि उत्तिकै सान्दर्भिक रहेको उहाँले बताउनुभयो ।

विश्वभर निराशा, विभाजन, शङ्का, घृणा र वैरभाव बढ्दै गइरहेकामा चिन्ता व्यक्त गर्दै प्रधानमन्त्री ओलीले संवाद र कूटनीतिक प्रयासबाट नै रुस-युक्रेन र मध्यपूर्वलगायत देशका द्वन्द्व समाधान गर्न सकिनेमा नेपाल विश्वस्त रहेको बताउनुभयो । प्रेम र करुणाबाट नै वैरभावलाई परास्त गर्दै दीर्घकालीन शान्ति खोज्न सकिनेप्रति उहाँले विश्व समुदायको ध्यानाकर्षण गराउनुभयो ।

इजरायल-प्यालेस्टाइन द्वन्द्व समाधानका लागि दुवै पक्षले सामूहिक प्रयास थाल्नुपर्ने र अन्तर्राष्ट्रिय रूपमा मान्य सिमानाभित्र रहेर शान्ति एवं सुरक्षित रूपमा सहअस्तित्वको भावनाका साथ मिलेर बस्नुपर्ने नेपालको धारणा प्रधानमन्त्री ओलीले प्रस्तुत गर्नुभयो । लिबिया, सिरिया, सुडान, दक्षिण सुडान, यमन र अन्य क्षेत्रमा बढ्दो द्वन्द्वले मानवीय सङ्कट निम्त्याएकाले तिनको समाधानमा लाग्नु परम आवश्यक भएकामा जोड दिनुभयो ।

“विश्वभर शान्ति र स्थायित्व सुनिश्चित गर्न राष्ट्रसङ्घीय बडापत्रमा उल्लेखित सार्वभौम समानता एवं अहस्तक्षेपका सिद्धान्तलाई अक्षुण्ण राख्न आवश्यक छ । हामी हस्तक्षेप वा प्रतिबन्धको विरोध गर्दछौँ”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “निःशस्त्रीकरणका विषयलाई प्राथमिकता दिइनुपर्छ । नेपाल सबै प्रकारका आमविनाशका हातहतियारको पूर्ण निःशस्त्रीकरणको पक्षमा छ”, एसिया र प्रशान्त क्षेत्रका लागि संयुक्त राष्ट्रसङ्घको क्षेत्रीय शान्ति र निःशस्त्रीकरण अभियान नेतृत्व गर्ने राष्ट्रको रूपमा नेपालले विश्वव्यापी निःशस्त्रीकरणका लागि आवाज उठाइरहेको प्रधानमन्त्रीले बताउनुभयो । उहाँले प्रविधिमा समान पहुँचका लागि पनि विश्व समुदायसँग आग्रह गर्नुभयो । उहाँले अल्पविकसित र विकासशील देशहरूलाई समृद्धिको पथमा अग्रसर हुन प्रविधि हस्तान्तरण आवश्यक भएको उल्लेख गर्नुभयो ।

नेपालले सधैँ शान्तिपूर्ण, स्वतन्त्र, सन्तुलित र असंलग्न परराष्ट्र नीति अवलम्बन गर्दै आएको तथा पञ्चशीलका सिद्धान्त, राष्ट्रसङ्घीय बडापत्र, अन्तर्राष्ट्रिय कानुन तथा विश्व शान्तिका मूल्यमान्यताप्रति आफ्नो देश प्रतिबद्ध रहेको प्रधानमन्त्रीले बताउनुभयो ।“हामीले सबैसँग मैत्री र कसैसँग वैरभाव नराख्ने विश्वासका साथ वैदेशिक नीति सञ्चालन गरेका छौँ ।

पारस्परिक सम्मान, सार्वभौम समानता, क्षेत्रीय अखण्डता, एकअर्काका आन्तरिक मामिलामा अहस्तक्षेप र शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तमा आधारित परराष्ट्र नीति अवलम्बन गरेका छौँ । यस्तो हार्दिकता र रचनात्मक सम्बन्धलाई आफ्ना छिमेकी र विश्वभरका मुलुकसँग अझ सुदृढ तुल्याउने प्रतिबद्धता प्रकट गर्दछु”, प्रधानमन्त्री ओलीले भन्नुभयो ।

संयुक्त राष्ट्रसङ्घीय शान्ति सेनामा सबैभन्दा धेरै सुरक्षाकर्मी परिचालन गर्ने राष्ट्का रूपमा नेपाल रहेको र विश्व शान्तिका लागि आफ्नो योगदानलाई अझ सुदृढ गर्न तयार रहेको उल्लेख गर्नुहुँदै प्रधानमन्त्रीले राष्ट्रसङ्घीय शान्ति मिसनमा नेपाल उच्च नेतृत्वमा उचित प्रतिनिधित्व पाउनुपर्नेमा प्रधानमन्त्रीले जोड दिनुभयो । राष्ट्रसङ्घलाई अझ प्रभावकारी, लोकतान्त्रिक, पारदर्शी र उत्तरदायी बनाउन यसको प्रणालीमा थप सुधारको आवश्यकता रहेको उहाँले बताउनुभयो । राष्ट्रसङ्घले अवलम्बन गरेको बहुपक्षवादको अवधारणाबाट नै हाल विश्वले सामना गरेका सङ्कट समाधान गर्न सकिने विश्वास पनि उहाँले व्यक्त गर्नुभयो ।

अतिकम विकसित राष्ट्र, भूपरिवेष्टित विकासोन्मुख देश र साना टापु विकासशील मुलुकजस्ता विशेष अवस्थामा रहेका राष्ट्रको आवाज र प्रतिनिधित्व सुनिश्चित गरिनुपर्नेमा पनि उहाँले जोड दिनुभयो । “सबै मानव अधिकारहरू विश्वव्यापी, अविच्छिन्न, अविभाज्य, अन्तरनिर्भर र परस्पर सम्बन्धित छन् भन्नेमा नेपालले विश्वस्त छ । यसै विश्वासका साथ हामी २४ वटा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी अभिसन्धिका सदस्य राष्ट्र हौँ”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामी लैङ्गिक समानतालाई प्रवर्द्धन गर्न र महिलाहरूका लागि समान अधिकार सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध छौँ । नेपालले महिला र बालिकाका सबै अधिकार, यौन र प्रजनन स्वास्थ्य अधिकारसहितको मौलिक हकका रूपमा प्राप्तिका लागि आवश्यक कानुनी व्यवस्था गरेका छौँ ।”

वैदेशिक कामदारहरूको सुरक्षा, सम्मान, मर्यादा, र अधिकारका विषय सधैँ नेपालको प्राथमिकतामा रहेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले सधैँ सुरक्षित र व्यवस्थित आप्रवासनको नेपालले पैरवी गर्ने बताउनुभयो । “हाम्रो संसार पूर्ण छैन, तर यो निराशाजनक पनि छैन । मानवजाति अझै पनि भावी पुस्ताको समृद्धि र खुसीमाथि सम्झौता नगरिकन अघि बढ्न सक्षम छ भन्नेमा हामी विश्वस्त छौँ”, उहाँले भन्नुभयो, “आज हामीले सामना गरिरहेका विश्वव्यापी चुनौती कुनै अर्को ग्रहबाट आएकाहरूले सिर्जना गरेका होइनन् । यी हाम्रै सिर्जना हुन्, हाम्रै कामका परिणाम हुन् । त्यसैले हामीले विश्वव्यापी समझदारी, विश्वास र सहयोगलाई बढावा दिएर यी समस्या समाधान गर्नतर्फ सोच्नुपर्छ ।” सबै देश र पक्षको सहकार्यबाट नै न्यायपूर्ण, समावेशी र समान विश्वव्यवस्थाका साथै दिगो समृद्धि हासिल गर्न सकिने विश्वास प्रधानमन्त्रीले गर्नुभयो ।

“म यहाँ हाम्रो ग्रन्थ ‘महाउपनिषद्’ले इसापूर्व छैटौँ शताब्दीबाट नै देखाएको ‘वसुधैव कुटुम्बकम’ अर्थात् ‘सम्पूर्ण संसार एउटै परिवार हो’ भन्ने आदर्शलाई स्मरण गर्न चाहन्छु । हाम्रा लागि यो दर्शनमात्र होइन, हामी दैनिक जीवनमा पनि यसको पालन गर्छौँ”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “यही विश्वासका साथ नेपाल शान्ति, प्रगति र समृद्धिको साझा आकाङ्क्षालाई सुरक्षित गर्न प्रतिबद्ध छ ।प्रधानमन्त्री ओलीले महासभाका अध्यक्ष र महासभाको ब्यूरोका अन्य सदस्यहरूलाई निर्वाचित भएकामा बधाई दिँदै उहाँहरूलाई सुम्पिइएको जिम्मेवारी पूरा गर्न नेपालले सहयोग गर्ने बताउनुभयो ।

साथै उहाँले महासभाका पूर्वअध्यक्ष डेनिस फ्रान्सिसलाई ७८औँ सत्रको सफलतापूर्वक नेतृत्व गरेकामा धन्यवाद व्यक्त गर्नुभयो ।

प्रधानमन्त्री ओलीले महासचिव एन्टोनियो गुटेरेसलाई विश्वव्यापी चुनौतीहरूको समाधानका निम्ति बहुपक्षीयतालाई सुदृढ पार्न निरन्तर समर्पणका साथ लागिपरेकामा आभार व्यक्त गर्नुभयो । उहाँले गत वर्ष नेपाल भ्रमण गरेर गौतम बुद्धको जन्मस्थलबाट शान्तिको सन्देश तथा सगरमाथा क्षेत्रबाट हिमालको जलवायु विपत्तिमा परेको सन्देश दिनुभएको स्मरण गर्दै जलवायु परिवर्तनका दुष्प्रभावविरुद्ध लड्न विश्वका सबै राष्ट्र एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।रासस

> यसै विश्वासका साथ हामी २४ वटा अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी अभिसन्धिका सदस्य राष्ट्र हौँ”, प्रधानमन्त्री ओलीले भन्नुभयो, “हामी लैङ्गिक समानतालाई प्रवर्द्धन गर्न र महिलाहरूका लागि समान अधिकार सुनिश्चित गर्न पूर्ण रूपमा प्रतिबद्ध छौँ ।

# मानवता इतिहासकै कठिन मोडमा छ, वैश्विक एकता आवश्यक छ : परराष्ट्रमन्त्री



काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले अहिले मानवता इतिहासकै कठिन मोडमा रहेकाले मानवहितका लागि विश्व नै एक हुनुपर्ने अवस्था आएको बताउनुभएको छ ।

संयुक्त राष्ट्रसङ्घको ७९औँ महासभामा भाग लिन हाल अमेरिकाको न्युयोर्कमा रहनुभएकी मन्त्री डा राणाले बिहीबार सम्पन्न एशियाली कोअपरेसन डायलग (एसिडी) मा संलग्न देशहरुका मन्त्रिस्तरीय बैठकलाई सम्बोधन गर्दै उक्त धारणा राख्नुभएको हो । सो बैठकमा उहाँले भन्नुभयो, “हामीहरु अहिले विश्वमा सबैभन्दा बढी समस्यामा रहेका छौँ । एकातर्फ हाम्रो साझा घर पृथ्वीले जलवायु परिवर्तनको असरका कारण दिनप्रतिदिन नसोचिएको समस्या भेलिरहेको छ । हिमालहरु पग्लिनेक्रम तीव्र बन्दैछ । हिमताल फुटेर कहाँ कतिबेला बाढी आउँछ र मानवीय क्षति गर्छ भन्ने त्रास बढेको छ । मानवनिर्मित विकासका संरचना तथा पूर्वाधारसमेत भत्किँदै छन् । असमयमै बाढीको प्रकोप बढ्दै गएको छ । मानवीय सभ्यताको विनाश सुरु भएको त होइन भन्ने त्रास देखिँदैछ ।”

यस्ता समस्याबाट नेपालजस्ता विकासशील राष्ट्रहरु, भूपरिवेष्टित राष्ट्रहरु तथा विश्वका अतिकम विकसित राष्ट्रहरु बढी मारमा परिरहेका मन्त्री डा राणाको भनाइ थियो । त्यसैले यी देशहरुलाई सहयोगको बढी खाँचो परिरहेकाले ‘क्लाइमेट जस्टिस’ का लागि ‘क्लाइमेट फाइनान्सिङ’ आवश्यक रहेको उहाँले बताउनुभयो । यस्तो समस्यामा परेका देशहरुलाई दिगो विकासका लागि सहयोग बढाउन मन्त्री डा राणाले आग्रह गर्नुभयो ।

उहाँले भन्नुभयो, “एकातर्फ प्राकृतिक विपत्तिमा छौँ भने अर्कातर्फ अहिले पनि विश्वका विभिन्न ठाउँमा मानवसिर्जित हिंसा र द्वन्द्वको सिकार बनिरहेका छौँ ।

विभिन्न नाम र बहानामा बढ्दो हिंसा तथा द्वन्द्वले सिङ्गो मानवतालाई नै क्षति गरिरहेको छ । जसको परिणामस्वरुप देशहरु र मानिसबीचमै आर्थिक, प्राविधिक असमानता तथा ‘डिजिटल डिभाइड’ को अवस्था सिर्जना भइरहेको छ ।” यस्तो अवस्थामा एशियाली मुलुकमा शान्ति, अमनचैन र समृद्धिका लागि एशियाली देश र जनताबीचको सहकार्यको खाँचो अझ बढी महसुस भइरहेको उहाँले बताउनुभयो ।

मन्त्री डा राणाले एशियाली देशहरुले यस्ता समस्यासँग जुध्न कस्तो रणनीति बनाएर कसरी अगाडि बढ्ने र सबै किसिमका समस्याको सामना गर्ने भन्नेबारेमा सोच्नुपर्नेमा पनि जोड दिनुभयो ।

“हामी एशियालीहरुको दृष्टिकोण, प्रयास र प्रतिबद्धता एशिया र विश्वका चुनौतीहरुको सामना गर्ने माध्यम बन्न सकोस् । हामी जसरी प्राचीन सभ्यताका धनी छौँ, त्यसैगरी समग्र वैश्विक समस्याको समाधानमा पनि हाम्रो अग्रसरता अर्थपूर्ण बन्न सकोस् ।

” उहाँले एशिया बहुसंस्कृति, ज्ञान तथा प्राचीन सभ्यताको सम्पन्न भूमि रहेकाले हाल विश्वमा देखापरिरहेको मानवताको सङ्कटको निकासका लागि पनि एशियाले भूमिका निर्वाह गर्नसक्ने बताउनुभयो ।

त्यसैगरी बिहीबार नै परराष्ट्रमन्त्री डा राणाले राष्ट्रसङ्घीय शान्ति निर्माणसम्बन्धी फोरमको मन्त्रिस्तरीय बैठकलाई पनि सम्बोधन गर्नुभयो ।


त्यस क्रममा उहाँले नेपालले द्वन्द्व व्यवस्थापन गरी शान्ति स्थापनाको कामलाई निष्कर्षमा पुऱ्याउने अन्तिम तयारी गरिरहेको जानकारी दिनुभयो । नेपालको संसद्ले हालै मात्रै सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन निर्माण गरेको र सो कानुन पीडितमैत्री रहेको जानकारी दिँदै उहाँले अब नेपालले शान्ति स्थापनाका बाँकी काम पनि छिट्टै सम्पन्न गर्ने बताउनुभयो ।

मन्त्री डा राणाले भन्नुभयो, “हुन त वर्तमान विश्वमा शान्ति स्थापनाको काम जटिल बन्दै गएको छ, तर पनि हामीले आन्तरिक रुपमा गरेको शान्ति स्थापनाको काम विश्वका लागि उदाहरण बन्न सक्दछ । किनभने हामीले समयमै यो जटिल कामलाई सम्पन्न गर्न सकेका छौँ ।” मन्त्री डा राणाले शान्ति निर्माण कमिसनले रणनीतिक रुपमा सुरक्षा परिषद्, महासभा र इस्कोसजस्ता निकायसँग साझेदारी गरेर अगाडि बढ्नुपर्ने सुझाव बैठकमा दिनुभयो ।

नेपाल शान्तिका दूत गौतम बुद्धको जन्मस्थल भएको स्मरण गर्दै मन्त्री डा राणाले सकारात्मक सोच र व्यवहार तथा सांस्कृतिक मूल्यमान्यताहरुको सम्मान र पालनाबाट नै शान्तिपूर्ण र हिंसारहित समाज निर्माण गर्न सकिन्छ भनेर सबै लाग्नुपर्ने बताउनुभयो । बिहीबार नै परराष्ट्रमन्त्री डा राणाले अतिकम विकसित देश (एलडिसी) का विदेशमन्त्रीहरूको वार्षिक बैठकको अध्यक्षता गर्नुभयो । नेपाल हाल एलडिसीको अध्यक्ष छ । न्युयोर्कमा आयोजित सो बैठकलाई सम्बोधन गर्दै उहाँले एलडिसी देशहरूलाई दिगो विकासका लक्ष्य हासिल गर्ने प्रयोजनार्थ थप र अतिरिक्त सहयोगको खाँचो औँल्याउनुभयो । विश्वका यी देशहरुले पछिल्लो समय धेरै समस्या झेलिरहेका दृष्टान्त मन्त्री डा राणाले पेस गर्नुभयो ।

उहाँले भन्नुभयो, “नेपालसहितका यी देशहरुले महामारी, भू-राजनीतिक तनाव, द्वन्द्व र जलवायु परिवर्तनका कारण बहुआयामिक चुनौतीको सामना गर्नु परिरहेको छ । साथै दिगो विकासको एजेण्डा २०३० का लक्ष्य हासिल गर्न विविध अवरोधको सामना गर्नु परिरहेको छ ।” बैठकमा मन्त्री डा राणाले ग्लोबल समन्वय ब्युरोको नेतृत्व नेपाललाई दिएकामा विश्व समुदायलाई धन्यवाद दिँदै यी अल्पविकसित देशहरूको उत्पादन र उत्पादकत्व क्षमताको वृद्धि गरी क्षेत्रीय र विश्वबजारमा पहुँचका लागि सहयोग गर्न आग्रह गर्नुभयो ।रासस

# उद्यमशीलता वृद्धि सरकारको प्राथमिकतामा छ : मन्त्री भण्डारी



पाटन । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उत्पादन, उत्पादकत्व र उद्यमशीलता वृद्धि सरकारको प्राथमिकतामा रहेको बताउनुभएको छ ।

‘समृद्धिका लागि सम्पदा संरक्षण’ नाराका साथ ललितपुर रत्न तथा आभूषण सङ्घ र रोटरी क्लब अफ पाटन हेरिटेजको संयुक्त आयोजनामा शुक्रबारदेखि सुरु भएको ‘पाटन हेरिटेज जेम एण्ड ज्वेलरी एक्स्पो-२०२४’ को उद्घाटन गर्दै मन्त्री भण्डारीले यति बेला नीतिगत सुधार जटिलतालाई समाधान गर्नेतर्फ सरकार लागिपरेको बताउनुभयो । उहाँले सरकारी तवरबाट लगानीकर्तामैत्री र परियोजनामैत्री वातावरण बनाउने क्रमबद्ध कार्ययोजना तय भएको बताउनुभयो ।

“आर्थिक मन्दीले सुनचाँदी व्यवसाय फस्टाउन सकेको छैन, विभिन्न माध्यमबाट चोरीपैठारी र आयात भएको छ, यसलाई रोक्न प्रयत्न गरिरहेका छौँ, कोटा प्रणालीमा आयात हुने हुँदा माग अनुसारको आपूर्तिमा पनि समस्या परिरहेको छ, हाम्रो मौलिक परम्परामा आधारित बहुमुल्य बस्तुका गरगहना निर्यातका लागि आपूर्ति सहज बनाउनु आजको आवश्यकता छ, यो क्षेत्रलाई निर्यात र रोजगारीको माध्यम बनाउन हामी तत्पर छौँ”, उहाँले भन्नुभयो ।

मन्त्री भण्डारीले हाम्रा सम्पदा र मौलिकता गौरवका विषय भएको उल्लेख गर्दै विश्व सम्पदा सूचीमा सुचिकृत पाटन दरवार क्षेत्र मुलुको पहिचान भएको बताउनुभयो । बहुमुल्य बस्तुहरुको चोरी, पैठारी र अनाधिकृत तवरबाट हुने निकासीबाट सरकारले राजश्व गुमाइरहेको भन्दै उहाँले नेपाललाई बहुमुल्य बस्तु निर्यात गर्ने राष्ट्रको रुपमा चिनाउने कुरामा सरकार गम्भीर रहेको धारणा राख्नुभयो ।

“हाम्रो भन्सारले पारेको प्रभाव र निर्यातमा भएको समस्या समाधान गर्नु जरुरी छ, यसका लागि मन्त्रिपरिषद र समितिमा छलफल भएको छ, हाम्रो कला, रोजगारी, मौलिक परम्परा यसमा जोडिएको छ, झन्डै तीन लाख रोजगारी सिर्जना भएको यस क्षेत्रका विषयमा सरकार गम्भीर छ, हामीले व्यवसायिकतामा देखिएका जटिलतालाई पनि सम्बोधन गर्नुपर्ने छ, निर्यातका लागि राष्ट्रिय सम्मेलन गरेर निर्यातका बस्तु तय गरिने छन्”, मन्त्री भण्डारीले भन्नुभयो ।

निजी क्षेत्र, व्यवसायी र व्यापारी हुँदा पनि वित्तीय क्षेत्रमा लगानी थुप्रिएको उल्लेख गर्दै उहाँले घरजग्गामा होइन, उद्योग क्षेत्रमा लगानी प्रोत्साहन गर्नु आवश्यक छ भन्नुभयो, “आन्तरिक र बाह्य लगानी आकर्षित गर्न सरकार प्रतिवद्ध छ ।” सांसद प्रेमबहादुर महर्जनले सबै समुदायमा गरगहना प्रयोग गर्ने संस्कृति रहेको भन्दै यो एक्स्पोबाट व्यापार मात्रै नभइ संस्कृति प्रवर्द्धनमा पनि मद्दत पुग्ने बताउनुभयो ।रासस

# इजरेलद्वारा 'पूर्ण शक्ति' लगाउँदै हिज्बुल्लाहविरुद्ध हमला जारी

बीबीसी

काठमाण्डु । इजरेली प्रधानमन्त्री बेन्जमिन नेतन्याहूले आफ्नो देशको सेना सशस्त्र समूह हिज्बुल्लाहविरुद्ध "पूर्ण शक्ति" लगाएर लड्ने काम जारी राख्ने बताएका छन्। अमेरिका र अन्य साझेदार देशबाट युद्धविरामका लागि आह्वान भइरहँदा नेतन्याहूको त्यस्तो भनाइ आएको हो।लेबननको स्वास्थ्यमन्त्रालयले बिहीवार इजरेली हवाई हमलाका कारण कम्तीमा ९२ जना मारिएको जनाएको छ।



अवस्था चर्कन थालेपछि सोमवारयता लेबननमा अन्य सयौँ जनाले ज्यान गुमाएका छन्। बेइरुतको दक्षिणमा पर्ने अपार्टमेन्टमा भएको एक हमलामा परेर हिज्बुल्लाहको ड्रोन एकाई प्रमुख मोहम्मद सुरुर मारिएको उक्त समूहले जनाएको छ।सोमवारयता नाटकीय रूपमा लेबननमाइजरेली हमला चर्किएसँगै इजरेल र हिज्बुल्लाहबीच पूर्ण आकारको युद्ध हुने चर्चा यतिखेर उत्कर्षमा छ। शत्रुता गहिरिँदै जाँदा अमेरिका, यूके र युरोपेली सङ्घ ईयूसहितका १२ शक्तिहरूले बुधवार तीन साता लामो इजरेल-हिज्बुल्लाह युद्ध विरामको प्रस्ताव गरेका छन्।

संयुक्त राष्ट्रसङ्घका लागि इजरेली राजदूतले यसअघि आफ्नो देश विभिन्न "विचारका लागि खुला" रहेको बताउँदा धेरैलाई आशावादी बनाएको थियो।तर बिहीवारसम्ममा त्यसलाई इजरेली राजनीतिज्ञहरूले पूर्ण रूपमा अस्वीकार गरेका छन्।संयुक्त राष्ट्रसङ्घीय महासभाका लागि न्यूयोर्कमा अवतरण गरे लगत्तै नेतन्याहूले आफ्ना सबै लक्ष्य हासिल नहुँदासम्म इजरेल लेबननमा "नरोकिने" बताएका थिए। जसमध्ये एउटा मुख्य लक्ष्यका रूपमा उत्तरी भेगका इजरेली बासिन्दाहरू सुरक्षित रूपमा आफ्नो घर फर्कन सक्ने अवस्था बनाउनु रहेको उनले बताए।

पछि ह्वाइटहाउसले युद्ध विराम प्रस्ताव इजरेलसँग "समन्वय" गरिएको जनाएको थियो। तर त्यसको केही घण्टापछि नेतन्याहूले आफ्नो देशले लडाइँ जारी राख्ने बताए।न्यूयोर्कमा बोल्दै यूकेका प्रधानमन्त्री सर किअर स्टार्मरले लेबननको द्वन्द्व सुल्झाउन "एउटा कूटनीतिक समाधानका लागि तत्काल युद्ध विराम" आह्वान गरे। उनले द्वन्द्व "कसैले नियन्त्रण गर्न नसक्ने" युद्धका रूपमा फैलन सक्ने समेत बताए।

दुवैतर्फ हजारौँ विस्थापित

गाजा युद्ध सुरु भएयता झन्डै एक वर्षदेखि इजरेल र हिज्बुल्लाहबीच सीमापार हमला हुँदै आएको छ। जसका कारण एक वर्षयता उत्तरी इजरेलबाट ७० हजार मानिसहरू विस्थापित छन्।

लेबननमा सोमवारयता ९० हजार मानिसहरू विस्थापित भएका छन्। संयुक्त राष्ट्रसङ्घका अनुसार पहिल्यै त्यहाँ १ लाख १० हजार मानिसले घर छाडेका थिए। बिहीवार इजरेली सेनाले लेबननको दक्षिण र पूर्वको बेका उपत्यकामा रहेका हिज्बुल्लाहका निशानामा प्रहार गरेको थियो।उसले लेबनन-सिरिया सीमामा रहेका पूर्वाधारमा समेत हमला गर्दै त्यो उक्त समूहलाई अस्त्र आपूर्ति रोक्न त्यसो गरिएको जनाएको छ।

इजरेली वायु सेवाका कमाण्डर मेजर जेनरल तोमर बारेले बिहीवार आफ्ना फौजलाई सम्बोधन गर्दै लेबननमा हुने स्थल हमलालाई साथ दिन आफूहरू तयार हुनुपर्ने बताए। हिज्बुल्लाहले हमासलाई साथ दिने गरी लडिरहेको भन्दै गाजामा युद्ध रोकिएपछि मात्र सीमा पार हमलाहरू रोक्ने जनाएको छ।

इरानको साथ पाएको हिज्बुल्लाहलाई इजरेल, यूके र कैयौँ पश्चिमा देशहरूले आतङ्कवादी सङ्गठन मान्छन्।

# युक्रेन युद्धबारे ट्रम्पले र जेलेन्स्कीसँग छलफल गर्ने

एएफपी

न्यूयोर्क । रूससँगको द्वन्द्वलाई लिएर अमेरिकी रिपब्लिकन नेता तथा पूर्वराष्ट्रपति डोनाल्ड ट्रम्पको युक्रेनविरूद्ध निरन्तरको आलोचनापछि ट्रम्प र युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीबीच शुक्रबार भेटवार्ता हुने भएको छ ।

जेलेन्स्कीले एक दिनअघि पहिले अमेरिकी राष्ट्रपतीय निर्वाचनमा ट्रम्पका प्रतिद्वन्द्वी कमला ह्यारिस र राष्ट्रपति जो बाइडेनसँग भेटवार्ता भएको थियो ।

नेताद्वयले किएभको युद्धलाई समर्थन गर्ने वचन दिएका थिए।जेलेन्स्कीले द्वन्द्व अन्त्यका लागि 'सम्झौता गर्न नमानेको' आरोप लगाएका ट्रम्पले न्युयोर्कस्थित ट्रम्प टावरको गगनचुम्बी भवनमा स्थानीय समयअनुसार शुक्रबार बिहान ९:४५ बजे भेट हुने बताएका छन् ।जेलेन्स्कीले न्युयोर्कर सम्बोधन गर्दै भन्नुभएको थियो, "सम्झौता गर्न इन्कार गर्ने व्यक्ति जेलेन्स्कीलाई हामी अरबौं डलर दिइरहेका छौं ।"जेलेन्स्की यसै साता न्युयोर्कमा हुने संयुक्त राष्ट्रसङ्घको महासभामा भाग लिन संयुक्त राज्य अमेरिकामा हुनुहुन्छ । उहाँले मस्कोको आक्रमणको तेस्रो वर्षमा युद्धभूमिमा सङ्घर्ष गरिरहेको आफ्नो देशको युद्धको लागि समर्थन सहयोग बढाउने अभियानलाई जारी राख्नुभएको छ ।

युक्रेनी नेताले बिहीबार ह्वाइट हाउसमा बाइडेन र ह्यारिससमक्ष उहाँकै शब्दमा 'विजय' योजना प्रस्तुत गर्नुभएको थियो भने बाइडेनले किएभका लागि करिब आठ अर्ब अमेरिकी डलर बराबरको नयाँ सैन्य सहायता प्याकेजको घोषणा गर्नुभएको थियो । सहायता प्याकेजको घोषणाका समय जेलेन्स्कीको छेउमा उभिएकी




पत्रिकालाई दिएको टिप्पणीबाट ट्रम्प रुष्ट भएपछि अमेरिकी सञ्चारमाध्यमले यसअघि नै उक्त बैठक अघि नबढ्ने बताएका थिए। जेलेन्स्कीले उक्त पत्रिकासँग युद्ध कसरी रोक्ने भन्नेबारे रिपब्लिकन पार्टीलाई वास्तविक ज्ञान नभएको बताउनुभएको थियो ।

ट्रम्पले बुधबार नर्थ क्यारोलिनामा आयोजित चुनावी ऱ्यालीलाई ह्यारिसले नाम उच्चारण नगरिकन ट्रम्पलाई सङ्केत गर्दै भन्नुभयो, "मेरो देशमा केही यस्ता व्यक्ति छन् जसले युक्रेनलाई आफ्नो सार्वभौम भूमिको ठूलो हिस्सा छोड्न बाध्य पार्नेछन्।"

बाइडेनले जेलेन्स्कीसँगको छुट्टै भेटमा सन् २०२२ को फेब्रुअरीमा रूसले सुरु गरेको युद्धमा 'रूसको विजय नहुने' बताउनुभएको थियो ।

# धरानमा खुल्ला ब्याडमिन्टन प्रतियोगिता हुने



धरान । धरानमा पहिलो पटक राष्ट्रिय खुल्ला ब्याडमिन्टन प्रतियोगिता हुने भएको छ । धरान ब्याडमिन्टन क्लबले शुक्रबार पत्रकार सम्मेलन आयोजना गरी यही असोजको १७ गते देखि १९ गते तीन दिनसम्म ब्याडमिन्टन प्रतियोगिता हुने जानकारी दिएको हो ।

आयोजक समितिका संयोजक टङ्कबहादुर लिम्बूका अनुसार प्रतियोगितामा ७७ वटै जिल्लाका दुई सय टिमका छ सय खेलाडी सहभागी हुनेछन् । सुरक्षा निकायका तीन वटा विभागीय टोलीसमेत सहभागी हुने उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "खेलको माध्यमबाट आपसी भाइचारा, सद्भाव वृद्धि, साथै धरानको खेल र पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिता गर्न लागिएको हो ।" यस्ता प्रतियोगिता हुन नसक्दा युवा प्रतिभा पलायन भई सक्षम खेलाडी उत्पादनमा कमी आएको उहाँको भनाइ छ ।

प्रतियोगितामा खुल्ला पुरुष डबलतर्फका विजयी जोडीलाई रु एक लाख १५ हजार नगद पुरस्कार, उप विजेताले रु ५५ हजार र तेस्रो हुने जोडीले रु ३० हजार नगदसहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन् ।खुल्ला 'भेट्रान्स' ४५ 'प्लस', 'सुपर' भेट्रान्स ५५ प्लस र 'लेडिज डबल्स', 'मिक्स डबल्स'का विजेताले रु ६५ हजार, उपविजेताले रु ३३ हजार र तेस्रो हुनेले रु ११-११ हजारसहित मेडल र प्रमाणपत्र प्राप्त गर्ने संयोजक लिम्बूले बताउनुभयो ।

प्रतियोगितामा राष्ट्रिय 'रेफ्री' तथा प्रशिक्षक केदार धिमाल प्रमुख निर्णायक रहने बताइएको छ । टिम दर्ता शुल्क खुल्ला मेन्स डबल, भेट्रान ४५ प्लस, सुपर भेट्रान ५५ प्लसका प्रतियोगीका लागि रु तीन हजार, मिक्स डबलका लागि रु दुई हजार पाँच सय र खुल्ला लेडिज डबलका प्रतियोगीका लागि रु दुई हजार निर्धारण गरिएको धरान ब्याडमिन्टन सङ्घले जनाएको छ ।

खेल प्रतियोगिता धरान उपमहानगरपालिका-१३ अमर सेवा समाजको कभर्ड हलमा हुने आयोजकले जनाएको छ । प्रतियोगिता सञ्चालनमा रु २२ लाखभन्दा बढी खर्च हुने अनुमान आयोजकको छ । प्रतियोगितामा कोशी प्रदेश खेलकुद परिषदले रु आठ लाख, धरान उपमहानगरपालिकाले रु एक लाख ५० हजार, विभिन्न वित्तीय सङ्घसंस्था र प्रायोजकबाट रकम सङ्कलन गरिएको आयोजकले जनाएको छ ।रासस

# पर्यटकलाई आकर्षित गर्न पुरानो भिसा प्रणालीमा फर्किंदै श्रीलङ्का

एएफपी

कोलम्बो । मुलुकको सर्वोच्च अदालतले भिसा प्रशोधन विदेशी कन्सोर्टियमलाई आउटसोर्स गर्ने विवादास्पद करोडौँ डलरको सम्झौतालाई निलम्बन गरेपछि श्रीलङ्काले पर्यटनलाई प्रोत्साहन गर्न अनलाइन भिसा आवेदन प्लेटफर्म पुनःस्थापना गरेको छ । मुलुकको



अर्थतन्त्र सन् २०२२ को वित्तीय सङ्कटबाट विस्तारै बाहिर निस्कँदै गर्दा यो कदम मुलुकको पर्यटन क्षेत्रलाई प्रवर्द्धन गर्न लक्षित रहेको नवनिर्वाचित राष्ट्रपति अनुरा कुमारा दिसानायकेको सरकारले बिहीबार राति बताएको थियो ।

पर्यटकहरूले अब भारतस्थित भिएफएस ग्लोबलले लिने २५ डलर शुल्क नतिरी अनलाइन भिसाका लागि आवेदन दिन सक्नेछन् । भिएफएस ग्लोबलले अप्रिलमा अघिल्लो सरकारबाट आउटसोर्सिङसम्झौता जितेको थियो।अधिकारकर्मीहरूले अदालतमा सम्झौता पारदर्शी तरिकाले प्रदान नगरिएको आरोप लगाउँदै कन्सोर्टियमले १६ वर्षको अवधिमा दुई अर्ब ७५ करोड डलरसम्म कमाउन सक्ने बताए ।

अगस्टमा श्रीलङ्काको सर्वोच्च अदालतले अध्यागमन अधिकारीहरूलाई भिएफएसलाई प्रदान गर्नुअघि प्रयोग गरिएको उक्त अनलाइन प्लेटफर्ममा फर्कन आदेश दिएको थियो ।राष्ट्रपति दिसानायकेको कार्यालयले बिहीबार वक्तव्यमा भनेको छ, "भिएफएस ग्लोबलले प्रदान गरेको भिसा सुविधाले धेरै मानिसलाई उल्लेखनीय कठिनाइ निम्त्याएको छ ।" साथै विदेशीहरूले भिसा प्राप्त गर्न चुनौतीको सामना गर्नुपरेको पनि कार्यालयले बताएको छ । सर्वोच्च अदालतको फैसलाको निर्णय पालना नगरेको आरोपमा बुधबार अध्यागमन प्रमुख हर्ष इलुकपिटियालाई पक्राउ गरिएको थियो ।

इलुकपिटियाले अप्रिलदेखि भिसा आवेदन प्रशोधन गर्न भारतको जिबिएस टेक्नोलोजी सर्भिस र आइभिएस ग्लोबल एफजेडसिओका साथै भिएफएस ग्लोबललाई साझेदारका रूपमा करोडौँ डलरको सम्झौता गर्नुभएकोथियो।"हामीलेभिएफएस ग्लोबसलसँग सम्बन्धित अनियमितताहरूको अनुसन्धान गर्न तत्काल फरेन्सिक लेखापरीक्षण सुरु गरेका छौँ", राष्ट्रपति कार्यालयले बिहीबार भनेको छ, "कुनै पनि विसङ्गति फेला परे कानूनी कारवाही गरिनेछ ।"

आउटसोर्सिङ सम्झौताअन्तर्गत श्रीलङ्कामा प्रवेश गर्ने कुनै पनि विदेशीले २५ डलर भिसा प्रशोधन शुल्क भुक्तानी गर्नुपर्थ्यो । यहाँसम्म कि श्रीलङ्काका साथै भिसा-मुक्त भ्रमणको व्यवस्था भएका मुलुकका नागरिकले पनि त्यति शुल्क तिर्नुपर्थ्यो । केन्द्रीय बैंकको तथ्याङ्कअनुसार यस वर्षको पहिलो सात महिनामा करिब ११ लाख ९० हजार पर्यटक श्रीलङ्का आएका छन् । यो सन् २०२३ को सोही अवधिको तुलनामा ५६ प्रतिशतले बढी हो ।

> **केन्द्रीय बैंकको तथ्याङ्क अनुसार यस वर्षको पहिलो सात महिनामा करिब ११ लाख ९० हजार पर्यटक श्रीलङ्का आएका छन् ।**

# बैंकहरूले रिजर्भमा राख्नुपर्ने रकम घटाएर ऋण प्रवाहलाई बढावा दिँदै चीन

एएफपी

बेइजिङ । चीनले शुक्रबार बैंकहरूले रिजर्भमा राख्नुपर्ने राशिमा कटौती गर्दै वित्तीय बजारमा करिब एक खर्ब ४२ अर्ब ६० करोड डलर तरलता प्रवाह गरेर आफ्नो कमजोर अर्थतन्त्रलाई बढावा दिने प्रयास गरेको छ ।



चीनको केन्द्रीय बैंकले घोषणा गरेको यो कदम राष्ट्रपति सी चिनफिङसहित शीर्ष अधिकारीहरूले विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा 'नयाँ समस्याहरू' भएको स्वीकार गरेको एक दिनपछि आएको हो । बेइजिङले यो साता आफ्नो कमजोर अर्थतन्त्रलाई बढावा दिन विभिन्न उपाय घोषणा गरेको छ । यसका लागि उसले यस वर्ष पाँच प्रतिशतको वृद्धिको लक्ष्य राखेको छ । विश्लेषकहरूले धेरै प्रतिकूल परिस्थितिहरूलाई हेर्दा यो लक्ष्य अत्यन्त आशावादी भएको बताएका छन् ।

सत्तारूढ कम्युनिस्ट पार्टीले बिहीबार 'वर्तमान आर्थिक स्थितिको विश्लेषण र अध्ययन' गर्न आफ्नो शीर्ष निकाय पोलिटब्युरोको बैठक बोलायो । बेइजिङले शुक्रबार सात दिने रिभर्स रेपो दरमा पनि कटौती गर्‍यो । यो व्यापारिक ऋणदाताहरूबाट लिइने ऋणमा केन्द्रीय बैंकले तिर्ने अल्पकालीन ब्याज हो । केन्द्रीय बैंकले प्रमुख दरलाई एक दशमलव सात प्रतिशतबाट घटाएर एक दशमलव पाँच प्रतिशत बनाएको घोषणा गर्‍यो ।

रियल स्टेट क्षेत्रमा लामो समयदेखि चलिरहेको ऋण सङ्कट, सुस्त घरेलु उपभोग र उच्च युवा बेरोजगारीका कारण चीनमा विकासमा गिरावट आइरहेको छ । "अर्थतन्त्रको विद्यमान अवस्थामा केही नयाँ परिस्थिति र समस्या देखा परेका छन्", सिन्ह्वा समाचार समितिले बिहीबारको पोलिटब्युरो बैठकपछि भनेको छ, "हामीले वर्तमान आर्थिक अवस्थालाई व्यापक, वस्तुनिष्ठ र शान्त रूपमा हेर्नुपर्छ, कठिनाइहरूको सामना गर्नुपर्छ र आत्मविश्वास बढाउनुपर्छ ।" पोलिटब्युरोका सदस्यहरूले अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने उद्देश्यले 'नीतिगत उपायहरूको केन्द्रीयता र प्रभावकारितामा थप सुधार गर्न' आवश्यक रहेको कुरामा सहमति जनाए । प्रमुख दर कटौती र आवास खरिदलाई प्रोत्साहित गर्ने नीतिहरू समावेशसहितका बेइजिङले घोषणा गरेका विभिन्न उपायलाई लगानीकर्ताहरूले स्वागत गरेका छन् । साङ्घाई र हङकङका सेयरहरूमा यस साता हालसम्म नौ प्रतिशतभन्दा बढीले वृद्धि भएको छ ।

विश्लेषकहरूले नेताहरूले पाँच प्रतिशत वृद्धि लक्ष्य हासिल गर्न अझै धेरै काम गर्नुपर्ने आवश्यकता रहेको तर हालैका घोषणाहरूले उनीहरू अझै साहसी कदमहरू चाल्न तयार हुँदै गएको हुनसक्ने बताएका छन् । "बेइजिङ अन्ततः आफ्नो बाजुका प्रोत्साहन कार्यक्रम सुरु गर्न दृढ देखिन्छ", नोमुराका प्रमुख चीन अर्थशास्त्री टिङ लूले भन्नुभयो, "अर्थतन्त्रको गम्भीर स्थितिको बेइजिङको स्वीकारोक्ति र टुक्रामा विभक्त दृष्टिकोणमा सफलता नभएको कुरालाई बजारले महत्त्व दिनुपर्छ ।"


यसैबीच अधिकारीहरूले मुलुकका ठूला सरकारी बैंकहरूमा एक खर्ब ४० अर्ब डलरभन्दा बढी लगानी गर्नेबारे विचार गरिरहेको ब्लुमबर्गले बताएको छ । सन् २००८ को विश्वव्यापी आर्थिक सङ्कटपछि यस प्रकारको पहिलो ठूलो पूँजी लगानी हुनेछ ।

व्यवसायहरूलाई ऋण दिन बैंकहरूलाई अझ बढी क्षमता प्रदान गर्ने उद्देश्यसहितको यो उपाय विशेषगरी 'नयाँ विशेष सार्वभौम बन्ड' जारी गरेर कार्यान्वयन गरिने बताइएको छ ।

# अस्ट्रेलियामा एमपक्सका बिरामीको संख्यामा वृद्धि

एएफपी

सिड्नी । अस्ट्रेलियामा पछिल्लो तीन महिनामा एमपक्स (मङ्कीपक्स)का घटनामा तीव्र वृद्धि भएको छ । स्वास्थ्य विशेषज्ञहरूले कम खोप दरले शहरबाहिर एमपक्स सङ्क्रमितको संख्यामा वृद्धि भएको छ । सन् २०२४ सेप्टेम्बरको अन्त्यसम्ममा ७३७ व्यक्तिमा एमपक्स सङ्क्रमण देखिएको छ घने तीमध्ये अधिकांश सङ्क्रमण पछिल्ला केही महिनामा भएका छन् ।



अष्ट्रेलियामा गत वर्ष २६ र सन् २०२२ मा १४४ व्यक्तिमा एमपक्स सङ्क्रमण पुष्टि भएको थियो । यस वर्षको अधिकांश सङ्क्रमितहरू दक्षिणपूर्वी राज्यहरूका रहेका र दुई जनाबाहेक अन्य सबै सङ्क्रमित महिला रहेका छन् । अस्ट्रेलियन डिपार्टमेन्ट अफ हेल्थ एन्ड एज्ड केयरका प्रवक्ताले एएफपीसँग कुरा गर्दै यस वर्षको मे महिनादेखि नै सङ्क्रमितको संख्या बढ्दै गएको बताएका छन् ।अस्ट्रेलियाले खोप लगाउनका लागि यस पहिलेको प्रतिबन्ध हटाएर 'एमपिक्सको जोखिममा रहेका सबै उमेर समूहका व्यक्तिहरू' ले खोप लगाउन सक्ने बताएको छ ।

सिड्नीका यौन स्वास्थ्य चिकित्सक तथा जीपी म्याथ्यु शिल्ड्सले राष्ट्रिय प्रसारक एबीसीलाई बताएअनुसार खोप दर कम भएका महानगर क्षेत्रबाहिर भाइरस सङ्क्रमण पत्ता लागेको छ ।एमपक्स सङ्क्रमित जनावरहरूबाट मानिसमा सर्ने भाइरस हो । यो शारीरिक सम्पर्कको माध्यमबाट पनि मानिसबाट मानिसमा सर्न सक्छ।कुनै-कुनै अवस्थामा घातक यस भाइरसका कारण ज्वरो आउने, मांसपेशी दुख्ने र छालामा ठूलो फोकाजस्तो घाउहरू आउने गर्छ ।

सन् २०२२ को मे महिनामा क्लेड २ बी विश्वभरि फैलिएपछि यो भाइरसबारे अन्तर्राष्ट्रिय रूपमा चासो बढेको थियो । जुलाई २०२२ मा, विश्व स्वास्थ्य सङ्गठनले अन्तर्राष्ट्रिय सरोकारको सार्वजनिक स्वास्थ्य आपतकाल घोषणा गरेको थियो । अस्ट्रेलियाले एमपक्सको अधिक खतरनाक मानिएको नयाँ 'क्लेड १ बी भेरियन्ट'को मानिसमा सङ्क्रमण पुष्टि भने गरेको छैन ।

# भारतमा ७ वर्षीय बालकलाई बलि दिइयो

एएफपी

लखनऊ । एउटा सार्वजनिक विद्यालयमा सौभाग्य ल्याउने उद्देश्यले गरिएको कथित अनुष्ठान बलिमा एक सात वर्षीय बालकको हत्या गरेको आरोपमा पाँच जनालाई पक्राउ गरिएको प्रहरीले शुक्रबार जनाएको छ ।प्रसिद्ध ताजमहल नजिकैको हाथरस सहरमा रहेको छात्रावासमा आफ्नै ओछ्यानमा पीडित बालकलाई आइतबार राति मृत फेला पारिएको थियो ।

अधिकारीहरूलाई सूचित गर्नुको सट्टा विद्यालयका निर्देशक दिनेश बघेलले शवलाई आफ्नो कारको डिक्कीमा लुकाएर राखेको प्रहरीले बताएको छ । प्रहरी अधिकारी हिमांशु माथुरले बघेलका पिताले आयोजना गरेको कालो जादु (तान्त्रिक विधि) समारोहअघि नै बालकको हत्या गरिएको बताउनुभयो । "बालकलाई अनुष्ठानको हिस्साका रूपमा वेदीमा लैजाने योजना थियो तर समारोह पूरा हुनुभन्दा अघिनै उनलाई मारियो", उहाँले भन्नुभयो । माथुरका अनुसार बघेल र उनका पितासहित विद्यालयका अन्य तीन शिक्षकलाई पक्राउ गरिएको छ । बालकको मृत्यु कसरी भयो भन्नेबारे माथुरले कुनै जानकारी दिनुभएन । स्थानीय सञ्चारमाध्यमहरूले शवको परीक्षण भइरहेको बताएका छन् ।

भारतको राष्ट्रिय अपराध रेकर्ड ब्युरोका अनुसार सन् २०१४ देखि सन् २०२१ को बीचमा मुलुकभर एक सय तीन वटा मानव बलिका घटना दर्ता भएका छन् । अनुष्ठानमा गरिने हत्याहरू सामान्यतया देवताहरूलाई प्रसन्न पार्न गरिन्छ । बोक्सी र गुप्त विद्यामा विश्वास व्यापक भएको आदिवासी तथा दुर्गम क्षेत्रहरूमा मानव बलि बढी प्रचलित छ ।

गत वर्ष प्रहरीले सन् २०१९ मा ६४ वर्षीया महिलाको हत्याको आरोपमा पाँच जनालाई पक्राउ गरेको थियो ।

# विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले शुक्रबारका लागि विदेशी मुद्राको विनिमय दर तोकेको छ। जसअनुसार शुक्रबार अमेरिकी डलर एकको खरिददर एक सय ३३ रुपैयाँ ५४ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ १४ पैसा, युरो एकको खरिददर एक सय ४८ रुपैयाँ ९३ पैसा र बिक्रीदर एक सय ४९ रुपैयाँ ६० पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७८ रुपैयाँ ६७ पैसा र बिक्रीदर एक सय ७९ रुपैयाँ ४७ पैसा कायम गरिएको छ।

केन्द्रीय बैंकका अनुसार स्वीस फ्र्याङ्क एकको खरिददर एक सय ५७ रुपैयाँ ५२ पैसा र बिक्रीदर एक सय ५८ रुपैयाँ २३ पैसा, अस्ट्रेलियन डलर एकको खरिददर ९१ रुपैयाँ ९१ पैसा र बिक्रीदर ९२ रुपैयाँ ३२ पैसा, क्यानेडियन डलर एकको खरिददर ९९ रुपैयाँ २० पैसा र बिक्रीदर ९९ रुपैयाँ ६५ पैसा तोकिएको छ ।जापानी येन १० को खरिददर नौ रुपैयाँ २५ पैसा र बिक्रीदर नौ रुपैयाँ २९ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रुपैयाँ ९३ पैसा र बिक्रीदर एक सय चार रुपैयाँ ४० पैसा र चिनियाँ युआन एकको खरिददर १९ रुपैयाँ ०४ पैसा र बिक्रीदर १९ रुपैयाँ १३ पैसा छ।

साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ६० पैसा र बिक्रीदर ३५ रुपैयाँ ७६ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ६४ पैसा र बिक्रीदर ३६ रुपैयाँ ८० पैसा कायम छ । थाई भाट एकको खरिददर चार रुपैयाँ ११ पैसा र बिक्रीदर चार रुपैयाँ १३ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ३६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ५२ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३२ रुपैयाँ २२ पैसा र बिक्रीदर ३२ रुपैयाँ ३६ पैसा रहेको छ।

साउथ कोरियन वन एक सयको खरिददर १० रुपैयाँ ०७ पैसा र बिक्रीदर १० रुपैयाँ १२ पैसा रहेको छ। स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ १८ पैसा र बिक्रीदर १३ रुपैयाँ २४ पैसा, डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ९७ पैसा र बिक्रीदर २० रुपैयाँ ०६ पैसा छ। हङकङ डलर एकको खरिददर १७ रुपैयाँ १६ पैसा र बिक्रीदर १७ रुपैयाँ २४ पैसा कायम छ। शुक्रबारका लागि कुवेती दिनार एकको खरिददर चार सय ३७ रुपैयाँ ६२ पैसा र बिक्रीदर चार सय ३९ रुपैयाँ ५९ पैसा तथा बहराइन दिनार एकको खरिददर तीन सय ५४ रुपैयाँ २६ पैसा र बिक्रीदर तीन सय ५५ रुपैयाँ ८६ पैसा कायम भएको छ। खुला बजारमा विदेशी मुद्राको विनिमयदर फरक हुनसक्ने राष्ट्र बैंकले जनाएको छ।रासस

# 'अर्ग्यानिक' स्याउ उपभोक्ताको रोजाइमा



सुदूरपश्चिम । आफ्नै जिल्लामा फलेको 'अर्ग्यानिक' स्याउ उपभोक्ताको रोजाइमा पर्दा बाजुराका किसान धनबहादुर रावल दङ्ग हुनुहुन्छ। नजिकिएको चाडपर्वका समयमा स्याउको माग बढेपछि उहाँ यतिबेला बिक्रीका लागि धनगढी पुग्नुभएको छ ।

"बिक्रीका लागि बुधबार धनगढी ल्याइपुर्याएको चार सय १७ पेटी (छ हजार दुई सय ५५ किलो) स्याउ दुई दिनमै बिक्री भइसक्यो", उहाँले भन्नुभयो, "स्याउखेतीमा लागेका किसानले उत्पादन क्षेत्रमा उचित मूल्य नपाउँदा भने केही खल्लो महसुस भएको छ।"

वर्षासँगै गएको पहिरोले बाजुरा-अछाम सडकखण्ड अवरुद्ध हुँदा उहाँले कालिकोट, दैलेख, सुर्खेत, बाँके, बर्दिया हुँदै कैलालीको धनगढीमा अर्ग्यानिक स्याउ बिक्रीका लागि ल्याउनुभएको हो। आफ्नै प्रदेशको बाटो अवरुद्ध हुँदा स्याउको बजार खोज्न कर्णाली र लुम्बिनी प्रदेशका जिल्ला हुँदै ट्रकमार्फत ढुवानी गरेर धनगढी पुर्याउनुपरेको किसानको गुनासो छ।

बाजुरा स्वामीकार्तिक गाउँपालिकाका किसान रावलको बारीमा रोपिएका एक हजार एक सय स्याउका बोटमध्ये यस वर्ष तीन सय बोटमा स्याउ फलेको थियो। फलेको स्याउ धनगढी बजारसम्म पुर्याउन एक ट्रकको ढुवानी भाडा रु ७० हजार परेको थियो।

उत्पादन क्षेत्रमा सम्बन्धित किसानले भने प्रतिकिलो रु ४० मात्रै पाउने गरेका छन्। यो स्याउ धनगढी बजारमा भने रु एक सय २० मा बिक्री भएको छ। बाजुराबाट यसपालि सुर्खेतमा तीन ट्रक, छिन्चुमा दुई र कैलालीको बौनिया र धनगढीका लागि एक-एक ट्रक स्याउ बजारीकरणका लागि ल्याइएको विक्रेताको भनाइ छ।किसान दानबहादुरले सडकको भरपर्दो सुविधा नहुँदा उत्पादित स्याउ बजारसम्म पुर्याउन मुस्किल भएको बताउनुभयो। त्यहाँ उत्पादित स्याउ कतिपय समयमा बिक्री नहुँदा त्यसै सडेर खेर जाने र पशुचौपायालाई खुवाउनुपर्ने अवस्था रहेको उहाँको भनाइ छ।

बाजुराको हिमाली भेग पाण्डुसैन, बुढीनन्दा, स्वामीकात्तिक र जगन्नाथ गाउँपालिका अर्ग्यानिक स्याउ उत्पादनका लागि प्रख्यात छन्। स्याउको बजारीकरणमा भइरहेको समस्यासँगै व्यापारीले यो स्याउ बजारसम्म पुर्याउन चर्को ढुवानी भाडा तिर्नुपरेको छभने किसानले उचित मूल्य पाउन सकिरहेका छैनन्।

उत्पादनस्थलसम्म सडकको पहुँच नहुनु, भएका सडक पनि बर्खायाममा भत्किएर बन्द हुनु, भाण्डारणका लागि उचित व्यवस्था नहुनुजस्ता समस्याले उत्पादित स्याउ बजारसम्म पुर्याउन समस्या हुने गरेको उनीहरूको भनाइ छ। सरकारी निकायबाट किसानको अपेक्षाअनुसार सहयोग नपाउँदा स्याउको बजारीकरणमा समस्या भइरहेको गुनासो पनि किसानको छ।

बाजुराको अर्ग्यानिक स्याउ धनगढी पुगेपछि स्थानीय उपभोक्ताले पनि यसको स्वाद पनि लिन पाएका छन्। धनगढीका फणिन्द्र जोशीले बाजुराको स्याउ रसिलो र स्वादिलो भएको अनुभव सुनाउनुभयो। सुदूरपश्चिम प्रदेशको धनगढीलगायतका सहरी क्षेत्रका फलफूल बजारमा भारतबाट आयातित स्याउको कारोबार हुने गरेको छ।रासस

# किसानलाई बजारसँग जोड्ने नेपाली ढाँचाको 'पैँचो पसल'

काठमाण्डु । गुल्मी छत्रकोट-१ हुँगाका युवराज पाण्डे बिहान झिसमिसेमै तरकारी सङ्कलन केन्द्रमा पुग्नुहुन्छ । केन्द्रमा स्थानीय किसानहरू तरकारी लिएर आइपुग्छन् । पाण्डेको बिहान कुन किसानले कुन तरकारी ति परिमाणमा ल्याए ? त्यसको मूल्य कति हो ? निर्धारण गरेर पठाउँदैमा बित्छ।

किसानलाई आफूले ल्याएको तरकारीबाट कति कमाइ भयो भन्ने जानकारी घर नपुग्दै मोबाइलमा आइपुग्छ। कति तरकारी बिक्री गरेछु भन्ने हिसाब राख्नै पर्दैन । पाण्डेका अनुसार केन्द्रमा दैनिक औसतमा पाँच क्विन्टल तरकारी आउँछ ।सङ्कलन भएका तरकारी लिन केन्द्रमा सवारीसाधन आइपुग्छ । स्थानीय किसानका लागि दैनिक उपभोग्य सामान पनि सङ्कलन केन्द्रमै उपलब्ध हुन्छ। किसानले कति मूल्यको तरकारी बिक्री गरे र त्यहाँबाट कति मूल्यको सामान लिएर गए भन्ने जानकारी पनि मोबाइलमै आउँछ।

किसानलाई सामान उपलब्ध गराउँदै उनीहरूको तरकारी खरिदलगायतसम्मको कामको व्यवस्थापन 'पैँचो पसल'ले गरिदिएको छ। आफूअनुकूलको सेवा सहजै प्राप्त हुँदा किसान पनि खुसी छन् ।ग्रामीण क्षेत्रमा यो प्रचलन कम हुँदै गए पनि अझै पनि जीवित नै छ । आफूलाई चाहिएको सामग्री एकापसमा सरसापट गरेर लिने र काम चलाउने प्रक्रियालाई पैँचो भनिन्छ । त्यस्तै शैलीमा व्यवसायी ध्रुव न्यौपानेलगायतले पैँचो पसलको अवधारणा अगाडि सार्नुभएको हो।

पाण्डे यो अभियानमा जोडिनुभएको १० वर्ष भयो । गुल्मी छत्रकोटका अगुवा किसानको परिचयसमेत बनाउनुभएका पाण्डे आफैँले पनि वार्षिक रु १० लाख बराबरको तरकारी बिक्री गर्नुहुन्छ । उहाँले १२ रोपनी जग्गामा तरकारीखेती गर्नुभएको छ। गोलभैँडा, भिन्डी, बोडी, रातो मुला, तीतेकरेला बारीमा फलेका छन् । बजारको कुनै चिन्ता छैन । किसानलाई प्रत्यक्ष रूपमा उपभोक्तासँग जोड्ने र सरल मूल्यमा ताजा तरकारी एवं कृषि उपज उपलब्ध गराउने उद्देश्यका साथ सुरु भएको पैँचो पसलको अवधारणा यतिबेला देशव्यापी हुने क्रममा छ।

सो अवधारणामा जोडिएका किसानलाई मल, बीउको प्रबन्ध गर्नेदेखि कृषि प्राविधिक उपलब्ध गराउने कामसमेत गरिएको छ । किसानले कुनै समस्या परे, पशुचौपायामा कुनै रोगव्याधी लागे प्राविधिक पुग्छन् र समाधानको उपाय सुझाउँछन्। यो अवधारणाबाट लाभान्वित हुनेमा गुल्मीकै सरोज राना पनि हुनुहुन्छ।

वैदेशिक रोजगारीमा पाएको दुःखकष्ट र हण्डर सबै बिर्सेर आफ्नै थलोमा फर्किएका रानाको दैनिकी यतिबेला तरकारी स्याहार्दै बित्ने गरेको छ। उहाँले सात रोपनी जग्गामा तरकारीखेती गर्नुभएको छ । "हामीलाई यसले धेरै फाइदा भएको छ । उत्पादित तरकारी लिन गाउँमै गाडी आइपुग्छ । बिचौलियाले खाइदेला कि, कम मूल्यमा बेच्नुपर्यो कि भन्ने कुनै गुनासो छैन", उहाँले भन्नुभयो, "किसानले उत्पादन गरेको हरिया सागसब्जी उपभोक्ताको भान्छामा सहजै पुगेको छ। यो भन्दा खुसीको कुरा अरु के हुनसक्छ र ?"

उहाँको बारीमा यतिबेला सिमी, गोलभैँडा फलेका छन्। एक हजार बिरुवा सयपत्रीका छन्। तिहारमा सयपत्रीले राम्रो मूल्य पाउने आशामा रहनुभएका राना बन्दा, काउली मुला, गाँजर पनि लगाउने तयारीमा हुनुहुन्छ। इत्तेहाद एयरलाइन्सको रोजगारी भनेर साउदी अरब पुग्नु भए पनि ठेकेदारको काम गर्दा उचित पारिश्रमिक नपाएपछि घर फर्केर उहाँले सुरु गर्नुभएको तरकारीखेतीले गाउँमै केही गर्न सकिन्छ भन्ने आत्मबल बढाइदिएको छ।

केन्द्रमा रानाजस्तै ३० जना किसान परिवारले तरकारी उपलब्ध गराउँछन्। गुल्मी सत्यवतीका लोकबहादुर कुँवर पैँचोको अवधारणा राम्रो भए पनि स्थानीय सङ्कलन केन्द्रका मानिसको व्यवहार किसानमैत्री नभएको गुनासो गर्नुहुन्छ । समयमा पैसा नपाएको गुनासो गर्नुहुने कुँवरले पनि तरकारी पैँचोलाई नै बिक्री गर्नुहुन्छ। उहाँको सुझाव छ, "किसानले प्राप्त गरेको पैसा सहज रूपमा पाउने वातावरण बनाइदिएहुन्थ्यो भन्ने लाग्छ।" घरपरिवारलाई चाहिने दाल, चामल तथा अन्य उपभोग्य वस्तु घरमै आइपुग्ने गरेको बताउनुहुने कुँवर किसानलाई थप राहत दिनेगरी योजना ल्याउन पैँचोका अभियन्तालाई आग्रह गर्नुहुन्छ।

छत्रकोट-४ रुक्सेका रामकृष्ण कँडेलको बारीमा तीते करेला, घिरौला, लौका, सिमी, कागती फलेका छन् । उहाँ सो गाउँको अगुवा किसानमात्रै नभई सङ्कलन केन्द्रको प्रमुखसमेत हुनुहुन्छ। औसतमा दैनिक सात क्विन्टल बराबरको तरकारी उहाँको सङ्कलन केन्द्रमा जम्मा हुने गरेको छ।

उहाँ सबै किसानले गाउँघरमै उचित मूल्य पाएको दाबी गर्नुहुन्छ । कँडेललाई सुरुमा पैँचो पसल अवधारणाप्रति विश्वास



लागेको थिएन । उहाँले भन्नुभयो, "मलाई सुरुमा यो नहुने कामजस्तो लाग्थ्यो, पछि बुझ्दै जाँदा सहीजस्तो लाग्यो। पछि तरकारीखेती गर्न थालेँ, गाउँमै सङ्कलन केन्द्र पनि स्थापना भयो", उहाँले भन्नुभयो, "अहिले सङ्कलन केन्द्रको जिम्मेवारी नै लिएको छु। आफ्नो बारीमा फलेका तरकारी पनि ल्याउँछु। अरु किसानको पनि सङ्कलन गर्छु।"

हरेक दिन तरकारी जोख्ने, हिसाब राख्ने काम गर्ने गरेको जानकारी दिँदै कँडेलले यो अवधारणाले किसानलाई राहत प्रदान गरेको बताउनुभयो । किसानले सबै जानकारी मोबाइलमा नै पाउने भएकाले पनि यो प्रणाली पारदर्शी रहेको उहाँको बुझाइ छ। हरेक तीन महिनामा किसानले आफूले बिक्री गरेको तरकारी र ल्याएको सामानको आफ्नो हिसाब पाउने गरेका छन्। यो सामान्य नियम भए पनि आवश्यक पर्दा किसानले जुनसुकै बेला पैसा पाउँछन् । तरकारी बिक्री गरेको पैसा बचत र किसानलाई राहत होस् भनेर यस्तो अवधारणामा काम गरिएको कँडेलको भनाइ छ।

"बजारमा एकाध दिन बढी मूल्य पाए पनि किसानले अन्यत्र लैजाँदैनन् । पैँचोले हरेक दिन तरकारीको मूल्य निर्धारण गर्छ । मूल्य निर्धारण गर्ने विधिमा माग र आपूर्तिलाई केन्द्रमा राखेर तथ्याङ्क विश्लेषण गरिन्छ । तय भएको मूल्यका आधारमा किसानलाई उपलब्ध गराइन्छ", उहाँले भन्नुभयो, "किसानले पैसा नपाएको भन्ने कुनै जायज गुनासो सुन्नुपरेको छैन।" उहाँ आफैँले पनि सुन्तला, कागतीको नर्सरीसमेत बनाउनुभएको छ । त्यसबाट फलफूल खेतीसमेत विस्तार हुँदै गएको छ।

गुल्मी, अर्घाखाँची, पाल्पा र स्याङ्जाका किसानले उत्पादन गरेको तरकारी, फलफूल, खाद्य उपज पैँचोको आफ्नै बजारमा पुग्छ। रुपन्देही, मणिग्राममा पैँचो बजार सञ्चालनमा छ । यस्तै गुल्मीको रुरुमा प्रशोधन केन्द्र सञ्चालनमा छ। प्रमुख न्यौपानेका अनुसार हरेक दिन १२ बजे अर्को दिनको मूल्य निर्धारण गरिन्छ । "हामीले विशेष प्रकारको सफ्टवेयर सञ्चालनमा ल्याएका छौँ। त्यसबाट किसानले आफ्नो हिसाब मोबाइलमा नै जानकारी पाउँछन् । कृषि प्राविधिक, पशु प्राविधिक उपलब्ध गराएका छौँ। हामीले किसानलाई केन्द्रमा राखेका छौँ। किसान सबल हुँदै जाँदा हाम्रो व्यवसाय आफैँमा विस्तार हुन्छ।"

किसानका बारीमा सहजै उपलब्ध रुख कटहरमात्र यस वर्ष एक हजार मेट्रिक टन, एक सय टन काँचो आँप आफूहरूले बिक्री गरेको विवरण सुनाउँदै न्यौपानेले दैनिक दुई टन कागती, खेर जाने केराको बुङ्गोले समेत बजार पाएको उहाँले बताउनुभयो। ग्रामीण क्षेत्रमा उत्पादन हुने हरेक कृषि उपजको बजार विस्तार गर्ने लक्ष्यका साथ सुरु भएको पैँचो पसलले आर्थिक वर्ष २०८०/८१ मा मात्र रु ४५ करोड बराबरको कारोबार गरेको छ । चालु आवमा रु ७५ करोड बराबरको कारोबार पुर्याउने लक्ष्य राखेको छ। आगामी आवमा रु एक अर्ब बराबरको कारोबार गर्ने र धेरैभन्दा धेरै किसानलाई जोड्ने योजना अगाडि सारेको प्रमुख न्यौपानेको भनाइ छ।

सो संस्थाका कारण ग्रामीण क्षेत्रमा महिला सबैभन्दा बढी लाभान्वित भएको जानकारी दिँदै उहाँले चार सयभन्दा बढीले त प्रत्यक्ष रोजगारी नै पाएको सुनाउनुभयो । निकट भविष्यमा साधारण शेयरसमेत बिक्री गरेर धेरैलाई शेयरधनी बनाउने लक्ष्य राखिएको छ।

हरेक सहरमा बिक्री केन्द्र खोल्ने, गाउँगाउँमा सङ्कलन केन्द्र स्थापना गरेर किसान र उपभोक्तालाई प्रत्यक्ष जोड्ने योजना अगाडि सारेको जानकारी दिँदै उहाँले एउटा व्यवस्थित प्रणाली स्थापना गर्न सकिएको खण्डमा देशभित्रको उत्पादनमा नै आत्मनिर्भर बन्न सकिने बताउनुभयो । विषादी राखिएका विदेशी तरकारी विस्थापन हुने, किसान सक्षम हुने, सहज बजार पाउने भएकाले त्यसमा सरकारको पनि सहयोग हुनुपर्ने उहाँको भनाइ छ।

संस्थाका कारण संयुक्त रूपमा काम गर्नुपर्छ भन्ने भावनाको विकास भएको उहाँको दाबी छ। गुल्मीको पल्लीकोटमा १८ जना महिलाले समूह बनाएर सामूहिक खेती गरेका छन् । त्यसबाट उचित लाभ हासिल गरेका छन् । सरकारले काम गर्ने किसानलाई भन्दा पनि गैरकिसानलाई अनुदान दिएको गुनासो आइरहेको बेला न्यौपाने उत्पादित वस्तु सहज रूपमा बजारमा पुर्याउने वातावरण नबन्दासम्म वास्तविक किसानले राहत नपाउने बताउनुहुन्छ।

स्वदेशमा नै उत्पादित मकै, चुक, आँपको अचार, पिठो, हरियो सागसब्जी, अमला, निगुरो, केराको बुङ्गोजस्ता कृषि उपज स्वदेशी बजारमा अलावा विदेशी बजारमा समेत बिक्री गर्दै आएको छ । यसबाट विदेशी मुद्रा स्वदेशमा भित्र्याउन पनि सहयोग पुगेको उहाँको भनाइ छ। यस्तै अकबरे खुर्सानी, मरौटी, अमलाले पाएको बजारले असाध्यै खुसी दिएको छ। मरौटी चिकेन त ब्राण्ड नै बनिसकेको छ। पाँचतारे होटलका रूपमा अग्रसर पौवामा मरौटी चिकेनको विशेष 'मेन्यू' नै राखिएको छ।

स्थानीय उद्योगले अकबरे खुर्सानी लिने गरेको छ । अमेरिका, जापान, युरोपका विभिन्न देशका अलावा भारतका विभिन्न सहरमा समेत पैँचो उद्योगबाट उत्पादित सामग्री पुगेका छन्। यस्तै तामा, आँप, सुन्तला, हर्रोबर्रोको पनि उचित बजार विस्तार गरिएको छ । गुल्मीको पल्लीकोटका किसानले मात्रै रु एक करोड बराबरको आँप, सुन्तला, हर्रोबर्रो बिक्री गरेको जानकारी दिँदै उहाँले व्यवस्थित तवरले सात सय ५३ वटै स्थानीय तहमा सङ्कलन केन्द्र स्थापना गर्ने र किसानलाई विश्वास दिलाउने हो भने कृषिबाटै आत्मनिर्भर बन्न सकिने बताउनुभयो।

किसानलाई प्रविधिसँग जोडेर कुन मौसममा के खेती गर्ने, पानी, मल बीउको प्रबन्ध कसरी गर्ने, कुन उपजको मूल्य के-कति छ, कुन समयमा टिप्ने भन्ने कुराको जानकारी दिन सकिने उहाँको भनाइ छ। पैँचोले किसानसँग एआईको अवधारणासमेत अगाडि सारेको छ।

आगामी १० वर्षभित्र १०० वटा कृषि बजार स्थापना गर्ने लक्ष्य अगाडि सारेको पैँचोले 'किसान कल सेन्टर' पनि सञ्चालन गर्ने तयारी गरेको छ। टेलिफोनबाटै किसानलाई आवश्यक राय, सल्लाह दिने र बजार विस्तार, विविधिकरणमा ध्यान दिन लागेको उहाँले उल्लेख गर्नुभयो । पैँचोको नारा छ 'बसे पनि सहर गाउँकै खाने रहर' । गुल्मीको बलेटक्सार गाउँबाट सुरु गरिएको पैँचो पसल यतिबेला देशभर विस्तारित हुने क्रममा छ। राजधानी काठमाडौँमा समेत पसल सञ्चालनमा ल्याइएको छ। पैँचोका प्रमुख न्यौपानेका अनुसार यो नेपाली ढाँचाको 'चेन मार्केट' हो । यसले किसान र उपभोक्तालाई एकापसमा जोड्छ । गाउँको उत्पादन सरल मूल्यमा उपभोक्ताले पाउँछन् । पहाडी र उच्चपहाडी क्षेत्रमा उत्पादन भएका कषि उत्पादनहरूको बजारीकरण गर्ने उद्देश्यले प्रमुख सहरहरूमा पसलसमेत सञ्चालनमा ल्याइएको उहाँको भनाइ छ।

एउटा फरक प्रयोगको रूपमा स्थापित पैँचो पसलले परम्परामा सीमित भइसकेको वस्तु विनिमय प्रथालाई आधार मान्दै पहाडी ग्रामीण क्षेत्रका जनताको उत्पादनलाई बजारसम्म पुर्याउने र उपयुक्त बजार प्रवर्द्धनका लक्ष्य लिएको थियो र त्यो अभियान निरन्तर जारी रहेको जनाएको छ ।प्रमुख न्यौपानेले भन्नुभयो, "हामीसँग अहिले हजारौँ किसान प्रत्यक्ष जोडिनुभएको छ । हजारौँ किसान र उपभोक्ता हाम्रो सेवाबाट लाभान्वित हुनुभएको छ। सिधै किसानसँग जोडिएर कृषिमा आधारित उद्योग सञ्चालन गरिएको पैँचो नै नेपालको पहिलो उद्योग हो भन्ने हाम्रो दाबी छ।"

बजारमा गुणस्तरहीन र अखाद्य वस्तुको बिगबिगी छ । तर, पैँचो पसलले पहाड/उच्चपहाडका किसानले उत्पादन गरेका अर्ग्यानिक कृषि उपजलाई प्राथमिकताका साथ बजार व्यवस्थापन गर्ने तथा गुणस्तर परीक्षण गरी उपभोक्तालाई गुणस्तरीय खाद्य वस्तु उपलब्ध गराएको दाबी गरेको छ ।यस्तै उपयुक्त बजारको अभावमा खेर गइरहेका गाउँका उत्पादनलाई बजारको पहुँचसम्म पुर्याउने मुख्य उद्देश्य राखिएको छ। विभिन्न स्थानमा पैँचो प्रशोधन उद्योग स्थापना गरेर स्थानीय उत्पादनलाई प्रशोधन गरिरहेको छ। यसबाट थप रोजगारीको अवसरसमेत सृजना भएको छ।

स्थापनाकालदेखि नै हातेप्रविधि प्रयोग गरेर अचार, चुक, दाललगायत खाद्य वस्तुको परीक्षण उत्पादन गरी बिक्री गर्दै आएको पैँचो पसलले अत्याधुनिक प्रशोधन कारखानामार्फत खाद्य वस्तु उत्पादन गर्दै आएको छ । यिनै उत्पादित खाद्य वस्तु मुलुकका विभिन्न सहर र विदेशमा समेत निर्यात हुन थालेको छ । सो उद्योगबाट अचार, होल क्यान कर्न, आँटो, कोदोको पिठो, गोलभैँडाको केचअप, जाम, विभिन्न प्रकारका जुस र सिन्की तथा मस्यौरा उत्पादन गरेको छ। यस्तै जुम्लाका सिमी, पहाडी जिल्लाका मकैको आँटो (च्याँख्ला) जस्ता पहाडी तथा उच्चपहाडी जिल्लाका खाद्यवस्तु प्याकेजिङ गरी बजारमा पठाएको छ।

त्यस्तै 'होल क्यान कर्न' नेपालकै पहिलो उत्पादन हो भने मस्यौरा, सिन्की पैँचोले पहिलोपटक व्यावसायिक उत्पादन गरेको जनाएको छ । बजारमा अनेकौँ ब्राण्डका खाद्य पदार्थ रहेकामा अरुभन्दा फरक रहेको पैँचोको दाबी छ । "फरक यसकारणले छन् कि, हाम्रा सबै उत्पादन निश्चित अल्टिच्युडभन्दा माथिको पहाड र उच्चपहाडी भूभागका कच्चा पदार्थमात्र हामीले प्रयोग गर्ने गरेका छौँ", उहाँले भन्नुभयो, "पहाडी क्षेत्र र उच्चपहाडी क्षेत्रमा उत्पादन कम हुन्छ भन्ने भ्रमलाई हामीसँग जोडिएका किसानले तोडिदिएका छन् । किसानको सम्पूर्ण उत्पादन बजारीकरणको ग्यारेन्टी हामीले गरेका छौँ । यसैकारण पहाडमा उत्पादन हुने तर त्यसै खेर गइरहेका खाद्यवस्तु नै हाम्रो प्रशोधन केन्द्रका कच्चा पदार्थ हुन्।"

बेरोजगारीका कारण हरेक वर्ष लाखौँको सङ्ख्यामा विदेशिएका युवालाई स्वरोजगार प्रदान गर्दै विदेशिने बाध्यताबाट रोक्न पैँचो सफल हुँदै गएको दाबी गर्नुहुने न्यौपाने नेपाललाई नारामा कृषि प्रधान देश भनिए पनि उपयुक्त कृषि नीति बन्न नसक्दा वर्षभरि मेहनत गर्ने किसानले प्रतिफल पाउन नसक्दा दुःखमा परेको बताउनुहुन्छ। त्यसलाई रोक्न आफूले सानो प्रयास गरेको र क्रमशः सफल हुँदै गएको उहाँको भनाइ छ।

किसानको उत्पादन त्यसै सडेर गइरहेको छभने किसानसँग भण्डारण हुँदासम्म मूल्य नपाउने र भण्डार रित्तिएपछि अरु कसैले मूल्य निर्धारण गर्ने परिपाटी रहिआएकामा त्यसलाई पैँचोले तोडिदिएको उहाँको दाबी छ। ग्रामीण भेगमा कृषि पेसा अपनाइरहेका किसानलाई उपयुक्त मल, बीउ तथा कृषि सामग्री उपलब्ध गराई कृषि उत्पादन गर्न अभिप्रेरित गर्ने र उनीहरूको उत्पादनलाई उचित मूल्य दिई पैँचोले बजारीकरण गर्दै आएको दाबी छ।

सहरिया उपभोक्तालाई पहाडी हावापानीमा उत्पादित स्वच्छ, स्वस्थ र अर्ग्यानिक तरकारी, फलफूल र खाद्य सामग्रीसमेत पैँचो बजारमार्फत उपलब्ध गराउँदै आइएको छ। गुल्मी, पाल्पा, जुम्ला, रुकुम, कालिकोट, रोल्पा र अर्घाखाँचीमा अहिले पनि ५० बढी सङ्कलन केन्द्र छन् । आगामी दिनमा यो सेवा बागलुङ, पर्वत, स्याङ्जालगायतमा विस्तार गर्ने उद्देश्य छ । पैँचोले विभिन्न प्रयोजनका लागि जेटिए, माटोविज्ञ र पशुविज्ञ यतिबेला पहाडी क्षेत्रमा उत्पादन हुने तरकारी तथा फलफूल र पशुजन्य खाद्य उत्पादन बढाउने सम्बन्धमा किसानका घरघरमा खटाएको छ।

उत्पादन बढाउने नाममा हाइब्रिड र सुईको प्रयोग गर्ने प्रवृत्तिको अन्त्य गर्ने पैँचोको अभियान हो । आफ्नो स्वास्थ्यभन्दा ठूलो कुरा अरु केही हुन सक्दैन भन्ने मूल मान्यता राखेको पैँचोले कृषि अभियानलाई एउटा नयाँ क्रान्तिको नामसमेत दिएको छ ।सिद्धार्थ हस्पिटालिटीमा एक दशकभन्दा बढी समय बिताएपछि न्यौपानेले अब गाउँमा केही गर्नुपर्छ भन्ने मान्यताका साथ लागिपरेको बताउनुभयो । पैँचोको अवधारणा अगाडि बढाउँदा परिवारले समेत राम्रो नमानेको स्मरण गर्दै उहाँले आफूलाई मानसिक रूपमा समस्या परेको बताउनुभयो।

सिद्धार्थ हस्पिटालिटीजस्तो स्थापित ब्राण्ड छाडेर पैँचोमा आउन सहज थिएन । तर, आज क्रमशः धेरैले राम्रो मानेको उहाँको बुझाइ छ । उहाँ पैँचो अवधारणामा गुल्मीको सत्यवती, छत्रकोटजस्ता स्थानीय तह आत्मनिर्भर भएकामा खुसी हुनुहुन्छ ।परम्परामा सीमित भइसकेको वस्तु विनिमय प्रथालाई आधार मान्दै पहाडी ग्रामीण क्षेत्रका जनताको उत्पादनलाई बजारसम्म पुर्याउने र उपयुक्त बजार प्रवर्द्धनको लक्ष्यका साथ सञ्चालित पैँचो पसलले गुल्मीदरबार गाउँपालिका-३ पुर्खेमा करिब एक सय ५० रोपनी र मुसिकोट नगरपालिका-५ आँपचौरमा करिब तीन सय रोपनी जग्गा भाडामा लिएर एकीकृत कृषि फार्म सञ्चालनमा ल्याएको छ।

प्रशोधन केन्द्रमा विभिन्न किसिमका जाम, केचअप, अचार, चुक तथा छोप, सोयासस, भिनेगर, आँटो, कोदोको पिठो, फापरको पिठो, सिन्की मस्यौरालगायत ६३ प्रकारका सामान उत्पादन गरी त्यसको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा नेपाली उत्पादन पुगेको छ ।आगामी दिनमा एकीकृत रूपमा जग्गाको विकास गर्ने र किसानलाई एकीकृत रूपमा ठूलो क्षेत्रफलमा खेती गर्नका लागि अभिप्रेरित गर्ने लक्ष्य राखिएको छ । ठूलो क्षेत्रमा उत्पादन गर्दा उत्पादन लागत घट्ने र रोगब्याधीको आक्रमण पनि सजिलैसँग निवारण गर्न सकिन्छ। केन्द्रीकृत रूपमा काम गर्दा वन्यजन्तुको समेत समस्या समाधान हुने भएकाले किसानलाई थप फाइदा पुग्न जान्छ।

तत्कालीन कृषि विकासमन्त्री चक्रपाणि खनालले सो कम्पनीको कामलाई सम्मान गर्दै पुरस्कृतसमेत गर्नुभएको स्मरण गर्दै प्रमुख न्यौपाने सरकार र राज्यका तर्फबाट आफूहरूको कामलाई कुनै न कुनै दिन सम्बोधन हुनेमा विश्वास व्यक्त गर्नुहुन्छ। किसान र उपभोक्तालाई जोड्ने यस प्रकारको अवधारणा अन्य पनि लागू गरिँदा सकारात्मक लाभ हासिल हुने विश्वास गर्न सकिन्छ ।रासस

# धनुषाका ६ वकिल वरिष्ठ अधिवक्ता



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा जिल्लालाई कार्यक्षेत्र बनाएर वकालत गरिरहेका ६ जना कानुन व्यवसायीले वरिष्ठ अधिवक्ताको उपाधि पाएका छन् ।

नेपाल वार एशोसिएशन जनकपुरधामका अध्यक्ष समेत रहेका अधिवक्ता बलराम सुवेदी, रामनेक साह, प्रकाश कुमार घिमिरे, शिव कुमार सिंह, उमेश पजियार र मुकेश कुमार कार्की वरिष्ठ अधिवक्ताको उपाधि पाएका छन् ।

लामो समयदेखि वकालतगर्दै आएका अधिवक्ताहरुले वरिष्ठको उपाधि पाएपछि शुक्रवार दिनभरि नै वारमा बधाइ चलेको थियो । जिल्ला र उच्च अदालतमा निरन्तर वहस पैरवी गर्नमा सक्रिय कानुन व्यवसायीहरुले समाजिक क्षेत्रमा पनि उत्तिकै भूमिका निर्वाह गरिरहेका छन् । सर्वोच्च अदालतको फुलकोर्टले वरिष्ठ अधिवक्ताको उपाधि सम्बन्धी निर्णय गर्छ । विहीवार सर्वोच्चले देशको १ सय ५९ जना अधिवक्तालाई वरिष्ठको उपाधि दिने निर्णय गरेको थियो ।

त्यस मध्ये धनुषा जिल्लाका मात्र ६ जना अधिवक्ताहरु वरिष्ठ अधिवक्ता भएका छन् ।कानुन व्यवसायमा वरिष्ठ अधिवक्ता नै सर्वोच्च उपाधि हो ।

# उखु र दूध किसानको बक्यौता रकम उपलब्ध गराउने प्रक्रिया सुरु

**टुडे समाचारदाता**

जनकपुरधाम । संघिय सरकारले दुग्ध तथा उखु किसानको बाँकी बक्यौता रकम उपलब्ध गराउने प्रक्रिया सुरु गरेको छ । कृषि तथा पशुपंक्षी विकासमन्त्री रामनाथ अधिकारीको विशेष पहलमा दुग्ध तथा उखु किसानका लागि झन्डै २ अर्ब रुपैयाँ निकास भएको छ ।



दुग्ध किसानको बक्यौता रकम तिर्नका लागि शुक्रबार मात्र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले ऋण लगानीको तमसुक तथा भुक्तानीका लागि अनुमति दिएको छ भने ८ जिल्लाका उखु किसानले पाउनुपर्ने १ अर्ब ४५ करोड बढी रकम कृषि मन्त्रालयले रकमान्तर गरी भुक्तानीका लागि जिल्लामा पठाएको छ ।त्यसका लागि महालेखा नियन्त्रक कार्यालयको अनुमति र अर्थ मन्त्रालयले रकम बाँडफाँट गरी शुक्रबार नै सम्बन्धित जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयलाई पठाएको छ ।

अब कञ्चनपुर, नवलपरासी पश्चिम, बारा, रौतहट , सर्लाही, महोत्तरी, सिराहा र सुनसरी जिल्लाका उखु किसानले पाउनुपर्ने रकमका लागि एक अर्ब ४५ करोड ३२ लाख २१ हजार ८६८ रुपैयाँ सम्बन्धित जिल्लालाई पठाइएको जनाइएको छ । सम्बन्धित जिल्लाका कोष तथा लेखा नियन्त्रक कार्यालयले रकम बाँडफाँटको स्वीकृत पाएको छ । उखु किसानले अनुदान बापत पाउनुपर्ने रकम दसैं अघि नै पाउने भएका छन् ।

कृषि तथा पशुपक्षी विकासमन्त्री अधिकारीले उखु तथा दूध किसानको बाँकी रकम दसै अघि नै भुक्तानी गर्ने प्रतिबद्धता जनाउँदै आएका थिए । त्यसै अनुसार प्रधानमन्त्री केपी शर्मा ओली र उपप्रधान एवम अर्थमन्त्री विष्णुप्रसाद पौडेलसँगको मन्त्री अधिकारीको निरन्तर पहलमा उक्त काम सम्भव भएको छ ।दूध र उखु किसानले पाउनुपर्ने बक्यौता रकम दसैं अघि नै पाउने व्यवस्था सरकारले मिलाएको जनाउँदै मन्त्री अधिकारीले भने ,'दूध र उखु किसानको दसैं घर घरमा आउने छ । यसको चाँजो मिलाउने सबैलाई धन्यवाद छ । म अत्यन्त खुशी छु ।'

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको भदौ २६ गतेको निर्णयलाई महालेखा परीक्षकको कार्यालय र अर्थ मन्त्रालयले स्वीकृत गरेको छ । उखु किसानलाई रकम उपलब्ध गराउन कृषि मन्त्रालयले गरेको प्रस्ताव अनुसार अख्तियारी तथा बाँडफाँट शुक्रवार भएको छ ।'प्रचलित कानुन र स्वीकृत मापदण्ड बमोजिम खर्च गर्ने गरी 'उखु कृषकलाई अनुदान उपलब्ध गराउन सम्बन्धित कार्यविधि, २०७५' संशोधनसहित उखु उत्पादक कृषकलाई प्रोत्साहन अनुदान उपलब्ध गराउने (गत आव २०८०-०८१को समेत) कार्यान्वयनका लागि ८ वटा कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अख्तियारी तथा बाँडफाँट स्वीकृत गरिएको छ,' पत्रमा भनिएको छ ।

जस अनुसार कञ्चनपुर, नवलपरासी पश्चिम, बारा, रौतहट, सर्लाही, महोत्तरी, सिराहा र सुनसरी जिल्लाका उखु किसानले पाउनुपर्ने रकमका लागि एक अर्ब ४५ करोड ३२ लाख २१ हजार ८६८ रुपैयाँ सम्बन्धित जिल्लामा पठाइएको छ ।

त्यस्तै, मन्त्रिपरिषद्को बैठकले गत भदौ २० गते दुग्ध विकास संस्थान (डिडीसी) लाई दुग्ध किसानको बक्यौता रकम तिर्नका लागि सर्तसहित ६० करोड रुपैयाँ ऋण दिने प्रस्ताव स्वीकृत गरेको थियो । उक्त रकम सम्बन्धित दुग्ध किसानको हातमा पुग्ने गरी सम्पूर्ण प्रक्रिया पूरा भएको डिडीसीका प्रमुख सूर्य पाण्डेले जानकारी दिए । उनले भने, 'मन्त्रीज्यूको दुग्ध किसानले जसरी पनि दसैं अघि बक्यौता रकम हातमा पुग्नु पर्छ भन्ने चाहना अनुसार काम भएको छ । अब प्रक्रिया पूरा भएको छ । सरकारले डिडीसीलाई ऋण बापत दिएको ६० करोड रुपैयाँ वितरण सुरु हुन्छ । दसैं अघि नै सबै किसानले रकम पाउनु हुन्छ ।'


शुक्रवार मात्र सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले ऋण लगानीको तमसुक तथा भुक्तानीका लागि अनुमति दिएको छ । 'मिति २०८१ असोज २ को निर्णय बमोजिम त्यस संस्थापनलाई तपसिल बमोजिमको रकम ऋण लगानी गर्न समिति २०८१ असोज ११ गते तमसुक लिखत तथा भुक्तानी तालिका यसै साथ संलग्न राखी पठाइएको ब्यहोरा आदेशअनुसार छ', पत्रमा भनिएको छ ।

कृषि तथा पशुपक्षी विकास मन्त्रालयको जिम्मेवारी सम्हाले लगतै अधिकारीले मन्त्रालयका सहसचिव पौडेललाई डिडीसीको जिम्मेवारीमा पठाएका थिए । त्यहाँ रहेको मख्खन, पाउडर दूध बिक्रीबाट ४५ करोड रुपैयाँ भन्दा बढी आम्दानी गरी किसानलाई रकम उपलब्ध गराइसकिएको छ । अधिकारीले असार ३१ गते जिम्मेवारी सम्हाल्दा दुग्ध किसानको १ अर्ब ५४ करोड रकम बक्यौता थियो ।

# दुई प्रशासकीय अधिकृतका कारण गाउँपालिकामा अन्योल

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको लक्ष्मीनिया गाउँपालिकामा भने दुईजना प्रशासकीय अधिकृतका कारण अन्योलको अवस्था सृजना भएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले एउटै पालिकाको प्रमुख प्रशासकीय अधिकृत पदमा दुई जनालाई जिम्मेवारी दिदा अन्योलको अवस्था सृजना भएको हो ।




दुई प्रमुख प्रशासकीय अधिकृत हुँदा चालु आर्थिक वर्ष २०८१/८२ को गाउँ सभा समेत हुन सकेको छैन भने काममा समेत दोहोरोपना सिर्जना भएको छ । यही असोज ८ गते मंगलबार जितिया पर्वको अवसरमा सामुदायिक विद्यालय तथा पालिकाको अन्य निकायमा महिलाहरूको बिदा रहेको सूचना सार्वजनिक भयो । असोज ७ गतेको प्रकाशित सो सूचनामा प्रमुख प्रशासकीय अधिकृत सर्वजीतकुमार झाले हस्ताक्षर गरेका थिए ।

त्यसको भोलिपल्ट बिदाको दिन बिहानै अर्का प्रमुख प्रशासकीय अधिकृत यमबहादुर उपरकोटीले हस्ताक्षर गरेको जितिया पर्वको बिदा नरहेको सूचना सार्वजनिक भयो । दुई वटा सूचनाले स्थानीय अन्योलमा परे । अहिले दुई प्रशासकीय अधिकृतबिच करिब एक महिनादेखि कार्यालयमा जुहारी चलिरहेको छ । बिदा, कर्मचारीहरूको कार्य विभाजन लगायतको निर्णय एउटाले गर्ने र अर्काले उल्टाउने काम भइरहेको छ ।

उपरकोटी ३० वैशाखमा पालिकामा प्रमुख प्रशासकीय अधिकृतको रूपमा हाजिरी भएका थिए भने समान्य प्रशासन मन्त्रालयको सरुवाको पत्रसहित १३ भदौमा वडाध्यक्षहरूको रोहबरमा उनी हाजिर भएका थिए ।

सामान्य प्रशासन मन्त्रालयको बदमासीले कार्यालयमा प्रशासकीय अधिकृतको विवाद सृजना भएको पालिका अध्यक्ष भोगेन्द्र झाले गुनासो गरे । यसले गर्दा पालिकामा काम गर्न असहज भइरहेको उनले बताए । 'उपकरकोटी चार महिना अघि मात्रै प्रशासकीय अधिकृतमा आउनुभयो । उहाँ कामकाज राम्ररी नै गरिरहेकै अवस्थामा मसँग कुनै जानकारी नगराई मन्त्रालयले सर्वजीत झालाई सरुवा गरेर यहाँ पठायो । त्यसैले मैले पालिकामा हाजिर गराइँन अध्यक्ष झाले भने । '

प्रशासकीय अधिकृत सर्वजीत झा भने पालिकाका वडाध्यक्षहरूको रोहबरमा आफैँले अर्को हाजिर रजिस्टर खडा गरेर हाजिर भएको बताउँछन् । 'पालिका अध्यक्षजी आउनु भएन । उपाध्यक्षजी बाहिर जानुभएको थियो । एक बाहेक सबै वडाध्यक्षको रोहबरमा हाजिर भएँ', उनले भने, 'सम्बन्धित कर्मचारी सुनिता यादवले दर्ता चलानी राजिष्टर दिनुभएन । मैले आफैं नयाँ राजिष्टर खडा गरेर हाजिर भएँ ।'

असन्तुष्ट पालिका अध्यक्ष झाले सोही दिन सर्वजीतलाई फिर्ता पठाएको पत्र सामान्य प्रशासन मन्त्रालयमा पठाए । जसमा समन्वय नगरी र कानुन विपरीत पठाइएका प्रशासकीय अधिकृत झालाई फिर्ता पठाएको उल्लेख छ ।

"प्रमुख प्रशासकीय अधिकृत याम बहादुर उपरकोटीलाई निरन्तरता दिइएको ब्यहोरा अवगत गराउन चाहन्छु । तसर्थ प्रशासकीय संघीय व्यवस्थालाई मध्यनजर गर्दै त्यहाँ मन्त्रालयबाट खटिइनु भएका प्रमुख प्रशासकीय अधिकृत सर्वजित झा लाई नियमानुसार फिर्ता पठाइएको ब्यहोरा जानकारी गराउँदछु', पालिका अध्यक्षले मन्त्रालयलाई पठाइएको पत्रमा उल्लेख छ ।

यता आफ्नो सरुवाको विषयमा आधिकारिक पत्र अहिलेसम्म आफूलाई प्राप्त नभएको उपरकोटी बताउँछन् । सर्वजीत प्रमुख प्रशासकीय अधिकृतमा हाजिर भएपछि उपरकोटी न्याय माग्दै सर्वोच्च अदालतसम्म पुगे । उनले १७ असोजमा पालिका कार्यालय, सामान्य प्रशासन मन्त्रालय र झाविरुद्ध रिट दायर गरेका छन् ।

# प्रहरीद्वारा ६१ हजार ६ सय बराबरको सामान बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । सशस्त्र प्रहरी बल पर्साले भन्सार छलेर ल्याइ रहेको अवस्थामा अठार लाख ६१ हजार ६ सय बराबरको सामान बरामद गरेको छ ।



सशस्त्र प्रहरी र वीरगञ्ज भन्सारको सँयुक्त टोलीले वीरगञ्ज महानगरपालिका-१२ मुर्लीमा भारतबाट अवैध रुपमा ल्याइएको १६ लाख २५ हजार चार सय बराबरको बिभिन्न ब्राण्डको चकलेट, फेबि क्विक र दाँत माझ्ने ब्रस बरामद गरेको छ ।

यस्तै वीरगञ्ज महानगरपालिका २५ चण्डाल चोकबाट भन्सार छली बीआर ०५ यु ४२१० नम्बरको मोटरसाईकलबाट कपडा बरामद गरेको छ ।

८६ हजार दुई सय बराबरको कपडालाई मोटरसाईकलसहित आवश्यक कारवाहीको लागि वीरगञ्ज भन्सार कार्यालयमा बुझाएको सत्रस्त्र प्रहरीले जनाएको छ ।

# टेन्ट हाउसमा आगलागी

**टुडे समाचारदाता**

जनकपुरधाम । जलेश्वरको दुर्गाचोकमा रहेको एक टेन्ट हाउसमा आगलागी भएको छ ।

जलेश्वर नगरपालिका २ का अरविन्द साहले संचालन गरेको टेन्ट हाउसमा ग्यास सिलिन्डर विष्फोट भएर आगलागी भएको हो ।जलेश्वर, मटिहानी र रामगोपालपुर नगरपालिकाको बारूणयन्त्र तथा नेपाली सेना, सशस्त्र र नेपाल प्रहरीले आगो नियन्त्रणमा लिएको छ ।

आगलागीले घरमा राखिएको टेन्टका सामानहरु जलेर क्षति भएको छ ।आगलागीको कारण र क्षति बारे एकिन विवरण आउन नसकेको जिल्ला प्रहरी कार्यालय महोतरीका प्रहरी नायव उपरीक्षक सन्तु लाल प्रसाद जैसवारले जानकारी दिए ।

# सात पालिकाको बजेट निकासा



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीका २० पालिकामध्ये सात पालिकाको मात्रै बजेट निकासा भएको छ ।

आवश्यक कागजात पेश गरेर प्रक्रिया पूरा गरेका सातवटा पालिकाको बजेट निकासा भएको कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका) सर्लाहीका लेखा प्रमुख रामप्रकाश साहले जानकारी दिए । उनका अनुसार हरिपूर्वा, बागमती, मलङ्गवा र लालबन्दी नगरपालिका तथा ब्रह्मपुरी, कौडेना र चक्रघट्टा गाउँपालिकाको बजेट निकासा भएको छ । यी पालिकामा अब दशैँअघि कर्मचारी, शिक्षकलगायतलाई तलब खुवाउने बाटो खुलेको छ ।

दशैँ, तिहार, छठ जस्ता मुख्य चाडपर्व नजिकिएकाले आवश्यक कागजात पूरा गरेर कार्यालयमा आएका पालिकाको तत्काले बजेट निकासा गरेर पठाइएको कोलेनिकाका लेखापाल साहले बताए ।

सरकारले कोलेनिकामा निकासा गरेर पठाउने बजेट सञ्चालन गर्न पालिकाहरुले गाउँ तथा नगरसभा गरेको कागजात, गत वर्ष कोलेनिकाबाट निकासा भएको बजेटको हरहिसाब, खर्च हुन नसकेको बजेट फिर्तालगायतका प्रक्रिया पूरा गरी कोलेनिकामा पेश गर्नुपर्ने प्रावधान रहेको छ । तर जिल्लाका ११ नगरपालिका र नौ गाउँपालिकामध्ये चार नगरपालिका र तीन गाउँपालिकाको मात्रै बजेट निकासा भएको छ ।

दशैं बिदाअघि असोज २३ गतेसम्म अझै १० दिन कार्यालय खुल्ने छ । कोष तथा लेखा नियन्त्रक कार्यालय सर्लाहीका प्रमुख कोष नियन्त्रक पुष्पप्रसाद गुरागाईंले अझै एक साताभन्दा बढी समय बाँकी रहेकाले अन्य पालिकाको पनि कागजात पूरा भएर आए तत्काले बजेट निकासा हुन सक्ने बताए ।

मधेश कृषि विश्वविद्यालय
राजविराज न.पा., सप्तरी, मधेश प्रदेश, नेपाल
B.Sc.Ag.Hons तहको Online आवेदन फाराम भर्ने म्याद थप सम्बन्धी सूचना
यस विश्वविद्यचलयको मिति २०८१/०५/१९ गतेको सूचना अनुसार B.Sc.Ag.Hons को लागि प्रवेश परीक्षा Online आवेदन फाराम भर्ने म्याद २०८१/६/१० गते १२:०० बजेसम्म खुल्ला गरिएकोमा मिति २०८१/०६/३० गते बुधवार १२:०० बजे रातीसम्म म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।
रजिष्ट्रार
भर्नाको लागि
www.entrance.mau.edu.np


B.Sc.Ag.(Hons.) को लागि छिटै सिट सुरक्षित गर्नु होस ।

विषादीको प्रयोगबाट बचौं र बचाऔं ।
- किरामार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफूल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं,
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म बिक्री वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरु लाग्न सक्छ,
- विषादीको प्रयोग जनस्वास्थ्यमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८